USAID
FROM THE AMERICAN PEOPLE

NDI
NATIONAL DEMOCRATIC INSTITUTE FOR INTERNATIONAL AFFAIRS

# नीति समीक्षा

चौथो संस्करण, असोज २०७८



# सामाजिक समावेशीकरण

आरक्षणको खस-आर्यकरण

बहिस्करणमा थारु महिला

राजनीतिक दलमा मधेसी दलित महिलाको प्रतिनिधित्व

नेपालमा सकारात्मक विभेद



## Policy Review

# Social Inclusion

## नीति समीक्षा

# सामाजिक समावेशीकरण

# Disclaimer

This publication is made possible by the support of the American people through the United States Agency for International Development (USAID) under Award No. AID-367-LA-17-00001. The opinions expressed herein are those of the author(s) and do not necessarily reflect the views of USAID or the United States Government.

NDI is a non-profit, nonpartisan, nongovernmental organization that has supported democratic institutions and practices in every region of the world for more than two decades. Since its founding in 1983, NDI and its local partners have worked to establish and strengthen political and civic organizations, safeguard elections and promote citizen participation, openness and accountability in government.

Copyright: National Democratic Institute for International Affairs 2021. All rights reserved. Portions of this work may be reproduced and or translated for non-commercial purposes provided NDI is acknowledged as the source of the material and is sent copies of any translation."

**Address:**
National Democratic Institute for International Affairs (NDI)
Continental Center, 4th Floor, Uttar Dhoka Sadak, Gairidhara-2, Kathmandu, Nepal
G.P.O. 8975, E.P.C 4129
Tel: (+977) (1) 4442079, Fax: (+977) (1) 4442079
email: spaudel@ndi.org

# द्रष्टव्य

अमेरीकी जनताको उदार सहायताबाट अन्तर्राष्ट्रिय विकास नियोग (युएसएआइडी) मार्फत अवार्ड नम्बर एआइडी–३६७–LA–१७–००००१ अन्तर्गत यस प्रकाशन सम्भव भएको हो । यहाँ व्यक्त गरिएका विचारहरू लेखकका निजी हुन् र तिनले युएसएआइडी र अमेरिकी सरकारको विचार प्रतिविम्बित गर्छन् भन्ने जरूरी छैन ।

नेशनल डेमोक्रेटिक ईन्स्टिच्यूट (एनडिआई) एक मुनाफा रहित गैर-सरकारी तथस्ट संस्था हो जसले विश्वभर रहेका लोकतान्त्रिक संस्था र अभ्यासहरूलाई बिगत दुई दशकभन्दा लामो समयदेखि सहयोग गर्दै आएको छ । सन् १९९३ मा एनडीआईको स्थापना भएदेखि नै एनडिआई र यसका स्थानीय साझेदारहरूले राजनीतिक र नागरिक संस्थाहरूको स्थापना र सबलीकरण गर्ने, चुनावी प्रक्रियाको संरक्षण गर्ने र सरकारमा नागरिक सहभागिता, खुल्लापन र जवाफदेहिता बढाउने काम गर्दै आइरहेको छ ।

**प्रतिलिपि अधिकार:** सबै अधिकारहरू नेशनल डेमोक्रेटिक ईन्स्टिच्यूट फर ईन्टरनेशनल अफेयर्स २०२१ मा सुरक्षित रहेका छन् । यस प्रकाशनका केही अंशहरू पुनः उत्पादन गर्न वा गैर–नाफामुलक उद्देश्यका लागि अनुवाद गर्न सकिनेछ तर यसका लागि एनडिआईलाई यसको स्रोतका रूपमा उल्लेख गरी अनुवादको प्रतिलिपि उपलब्ध गराउनु पर्नेछ ।

**ठेगाना**
नेशनल डेमोक्रेटिक ईन्स्टिच्यूट फर ईन्टरनेशनल अफेयर्स (एनडिआई)
कन्टिनेन्टल सेन्टर, चौथो तल्ला, उत्तरढोका सडक, गैरीधारा–२, काठमाण्डौ, नेपाल
जि.पि.ओ. ८९७५, इ.पि.सि. ४१२९
सम्पर्क नम्बरः (+९७७) (१) ४४४२०७९, फ्यासः (+९७७) (१) ४४४२०७९
इमेलः spaudel@ndi.org

# Editorial Board

**Deborah Healy**, Chairperson

**Akhilesh Upadhyay**, Member

**Jaya Jung Mahat**, Member

**Nayan Pokhrel**, Member

**Pranika Koyu**, Member



# सम्पादक मण्डल

**डेब्राह हिली**, अध्यक्ष

**अखिलेश उपाध्याय**, सदस्य

**जय जंग महत**, सदस्य

**नयन पोखरेल**, सदस्य

**प्रनिका कोयु**, सदस्य

# Foreword

Namaste.

Following the recent publication of the third edition, I am delighted to be able to share with you the fourth edition of the Policy Review – the latest publication from the National Democratic Institute (NDI) Nepal.

This latest edition examines the participation of different marginalized communities in political and public life in Nepal, providing valuable insights on how this issue is being treated. The articles range from an analysis on the affirmative actions received by marginalized groups, how reservations are used by the dominant community, insights on the marginalization of Tharu women, and the representation of Dalit women in Madhesi political parties.

While Nepali law is relatively strong compared to its neighbors in terms of rights against discrimination, laws and court decisions lack enforcement. As a result, marginalized groups are excluded from meaningful political participation and representation. Such groups have less expertise about their political rights and the affirmative policies that could benefit them, which is a compounding disadvantage for women from these groups. While weak enforcement is due to dominant social norms that discriminate on the basis of gender, caste, ethnicity and religion, equal legal protection can be advanced by expanding leadership chances for leaders from these groups who understand the challenges faced and can sustain efforts to bring about change.

The Policy Review aims to put forward thought-provoking essays from Nepali policy experts providing a diverse range of perspectives on their country's key policy developments. The Policy Review is a regular initiative of the five-year USAID funded Niti Sambad ('Policy Dialogue') project. Niti Sambad contributes to USAID/Nepal's goal of helping national partners and stakeholders to advance a more democratic and resilient Nepal by supporting democratic institutions and by strengthening political, social and economic inclusion.

Through the Policy Review, NDI Nepal aims to make policy analysis more accessible, thereby further cementing linkages between citizens and their

# प्रस्तावना

नमस्ते ।

नेशनल डेमोक्रेटिक इन्स्टिच्युट (एनडीई) नेपाल नीति समीक्षाको तेस्रो अङ्कपछि नयाँ प्रकाशनको रूपमा चौथो अङ्क तपाईंसमक्ष ल्याउन पाउँदा म अत्यन्तै खुशी भएको छु ।

नीति समीक्षको यो नयाँ अङ्कमा मूलतः राजनीतिक र सामाजिक जीवनमा नेपालका विभिन्न सीमान्तीकृत समुदायको सहभागीताबारे समीक्षा गरिएको छ भने ती सवाललाई कसरी व्यवहार गरिँदै आएको छ भन्ने विषयमा पनि महत्वपूर्ण दृष्टिकोण प्रदान गरिएको छ । यहाँ समावेश गरिएका लेखहरूमा सीमान्तीकृत समुदायले प्राप्त गरिरहेका सकारात्मक विभेदबारे विश्लेषण गरिएको छ । यसैगरी यहाँ प्रकाशित लेखमा प्रभुत्वशाली समुदायले कसरी सकारात्मक विभेदको उपभोग गरिरहेका छन् भन्ने विषयका साथै, थारू महिलामाथिको सीमान्तीकरण र मधेसी दलित महिलाको राजनीतिक सहभागीताका अन्तरिक पक्ष पनि समावेश गरिएका छन् ।

विभेदको विरूद्धमा नेपालको कानुन अन्य छिमेकी देशहरूको तुलनामा सशक्त छ, तर ती कानुन र अदालतको निर्णय कार्यान्वयनको भने अभाव छ । यसैको परिणामस्वरूप सिमान्तीकृत समुदाय अर्थपूर्ण राजनीतिक सहभागीता र प्रतिनिधित्वबाट बञ्चितीकरणमा पारिँदै आएका छन् । यी समूहसँग उनीहरूलाई फाइदा पुग्न सक्ने राजनीतिक अधिकार अभ्यासका साथै सकारात्मक नीतिबारे जानकारी र ज्ञान अत्यन्तै कम छ । यी समुदायका महिलाले त अझ गम्भीर किसिमको घाटा बेहोर्नु परेको छ । यसका साथै लिङ्ग, जातजाति र धर्म आदिका आधारमा भेदभाव गर्ने विभेदकारी र प्रभुत्वशाली सामाजिक मूल्य-मान्यता कारण कानुनको कार्यान्वयनलाई समेत कमजोर बनाएको छ । यस्तो अवस्थामा तिनै समुदायका चुनौती बुझ्न र सामना गर्न तयार हुने र निरन्तररूपमा परिवर्तनका लागि पयत्न गरिरहने व्यक्तिहरूलाई नेतृत्वको अवसर प्रदान गरेर समान कानुनी संरक्षणलाई प्रभावकारी बनाउन सकिन्छ ।

नेपालका नीति विशेषज्ञका विचारसहितका निबन्धलाई समावेश गरेर देशको मुख्य नीति निर्माणका लागि विविध किसिमको दृष्टिकोण प्रदान गर्नु नै यो नीति समीक्षाको उद्देश्य हो ।

यो नीति-समीक्षा युएसएआईडीको सहयोगमा सञ्चालित पाँचवर्षे नीति संवाद परियाजनाको नियमित प्रयत्नको प्रतिफल हो । यो नीति संवाद परियोजनाले सबै लोकतान्त्रिक संस्थाहरूलाई सहयोग उपलब्ध गराउँदै राजनीतिक, सामाजिक र आर्थिक समावेशीकरणलाई थप सुदृढ बनाउँदै बलियो लोकतान्त्रिक नेपाल निर्माणमा सहयोग पुऱ्याउने युएसएआईडी नेपालको उद्देश्य प्राप्तिका लागि यो नीति संवादले योगदान पुऱ्याउँछ ।

elected representatives. The aim is to examine how policies relating to key issues such as federalism, gender equality and the rights of youth and different marginalized communities, are being addressed by policy makers.

As I have mentioned in previous editions, please let us know what you think of Policy Review as your feedback will help us in improving the publication further. As your opinion matters to us, please let us know what you think by contacting us.

Finally, the Policy Review series is made possible by the generous support of the American people through the United States Agency for International Development (USAID) under Award No. AID-367- LA-17-00001. The opinions expressed herein are those of the authors and do not necessarily reflect the views of NDI, USAID or the United States Government.

Again, I hope you will enjoy reading this publication.

With kind regards

**Deborah Healy**
**Senior Country Director**
**NDI Nepal**

एनडिआई नेपालले नीति-समीक्षामार्फत नीतिसम्बन्धी विश्लेषणलाई सार्वजनिकरूपमा सबैको पहुँचसम्म पुऱ्याएर नागरिक र जनप्रतिनिधिबीचको सम्बन्ध थप बलियो बनाउने लक्ष्य लिएको छ । यसको मुख्य उद्देश्य संघीयता, लैङ्गिक समानता, युवा तथा सीमान्तकृत समुदायका अधिकारजस्ता मुख्य मुद्दाहरूसँग सम्बन्धित नीतिलाई सबै तहका सरकारका नीति-निर्माताले कसरी सम्बोधन गरिरहेका छन् भनेर केलाउनु पनि हो ।

मैले यसअघिका नीति पत्रमा उल्लेख गरेझैं, नीतिपत्रबारे तपाईंको धारणा वा दृष्टिकोण हामीलाई उपलब्ध गराउनुहोला । तपाईंका प्रतिक्रिया र सल्लाह-सुझाबले हाम्रा आगामी प्रकाशनलाई परिष्कृत गर्दै लैजान सहयोग पुग्नेछ । हाम्रा लागि तपाईंको विचार निकै महत्वपूर्ण हुने भएकाले प्रकाशनबारे तपाईंलाई लागेको सुझाब हामीलाई सम्पर्क गरी प्रदान गरिदिनु होला ।

अन्त्यमा, यो नीति-समीक्षाका श्रृखलाहरू अमेरिकी जनताको उदार सहयोगद्वारा सञ्चालित संयुक्त राज्य अमेरिकाको अन्तर्राष्ट्रिय विकास नियोग (युएसएआइडी)अन्तर्गत अवार्ड नम्बर एआइडी–३६७–एलए–१७–००००१ को सहयोगका कारण सम्भव भएको व्यहोरा म स्पष्ट पार्न चाहन्छु । यस प्रकाशनमा समावेश गरिएका विचार लेखक स्वयंका हुन् । लेखमा उल्लेख गरिएको विचारले एनडीआई, युएसएआइडी र अमेरिकी सरकारको विचारको प्रतिनिधित्व गर्दैन ।

अन्त्यमा, यो संस्करणमा समावेश गरिएका लेख पढेर तपाईंले आनन्दित हुनुहुनेछ भन्ने मलाई आशा छ ।

धन्यवाद !

**डेब्राह हीलि**
**वरिष्ठ आवाशीय निर्देशक**
**एनडीआई नेपाल**

# List of Contributors

### Rajendra Maharjan

Rajendra is an author with more than 30 years' experience in journalism. He has worked as the editor of the Mulyankan and Nawa Yuba monthly magazines, the Samaj Adhyayan journal and also as co-editor of the Naya Patrika daily. He is currently the editor of Madhesh Adhyayan journal and a columnist for the Kantipur National Daily.

### Indu Tharu

Indu is a researcher and author working on marginalized community's campaigns and movements. She has also written a number of books such as 'Muktik Dagar' and 'Nilambit Nibandha', addressing issues related to identity, language, politics and the history of the Tharu community.

### Bhola Paswan

Bhola is a researcher on Madheshi Dalits with his articles published in numerous national newspapers. He is currently the Province 2 news coordinator for the Naya Patrika newspaper. He is also the co-author of the book 'Dom Community's Identity: Changing Lifestyle'.

### Binita Nepali

Binita has Master's degree in International Relations and Diplomacy from Tribhuwan University, Kathmandu. She is currently working as a Research Associate with the Nepal Institute for Policy Research focusing on social justice, politics and public policy.



# लेखकहरू

### राजेन्द्र महर्जन

राजेन्द्र तीन दशकभन्दा लामो समय पत्रकारिताको अनुभव भएका लेखक हुनुहुन्छ । उहाँले मूल्याङ्कन र नवयुवा मासिक पत्रिकाको सम्पादकका रूपमा काम गर्नुभएको थियो भने समाज अध्ययन जर्नलको सम्पादक र नयाँ पत्रिका दैनिकको सह-सम्पादकको भूमिका पनि निर्वाह गरिसक्नु भएको छ। उहाँ अहिले मधेश अध्ययन जर्नलको सम्पादक हुनुहुन्छ भने कान्तिपुर राष्ट्रिय दैनिकको स्तम्भकार पनि हुनुहुन्छ ।

### इन्दु थारू

इन्दु सीमान्तकृत समुदायको अभियान र सामाजिक आन्दोलनका क्षेत्रमा क्रियाशील अनुसन्धाता र लेखक हुनुहुन्छ । 'मुक्तिक डागर' र 'निलम्बित निबन्ध'जस्ता पुस्तकका लेखक उहाँका काम मूलतः थारू समुदायको पहिचान, भाषा, राजनीति र इतिहाससँग सम्बन्धित छन् ।

### भोला पासवान

मधेसी दलित सवालमा अनुसन्धान गरिरहेका भोलाका विभिन्न रचना पत्रपत्रिकामा प्रकाशित भएका छन् । नयाँ पत्रिका दैनिकको प्रदेश २ को समाचार संयोजक पासवान 'डोम समुदायको पहिचानः बदलिँदो जीवनशैली' पुस्तकका सह-लेखक हुनुहुन्छ ।

### बिनिता नेपाली

बिनिताले त्रिभुवन विश्वविद्यालय काठमाडौंबाट अन्तर्राष्ट्रिय सम्बन्ध र कुटनीति विषयमा स्नातकोत्तर तह उत्तीर्ण गर्नु भएको छ । नीति अनुसन्धान प्रतिष्ठानमा सहायक अनुसन्धाताको रूपमा कार्यरत उहाँ सामाजिक न्याय, राजनीति र सार्वजनिक नीतिमा केन्द्रित अनुसन्धानमा संलग्न हुनुहुन्छ ।

# Contents

16 The Khas-Aryanization of Reservation
– Rajendra Maharjan

30 The Exclusion of Tharu Women
– Indu Tharu

40 The Representation of Madhesi Dalit Women in Political Parties
– Bhola Paswan

50 Positive discrimination in Nepal
– Binita Nepali

# विषयवस्तु

१७ आरक्षणको खस-आर्यकरण
– राजेन्द्र महर्जन

३१ बहिस्करणमा थारु महिला
– इन्दु थारु

४१ राजनीतिक दलमा मधेसी दलित महिलाको प्रतिनिधित्व
– भोला पासवान

५१ नेपालमा सकारात्मक विभेद
– बिनिता नेपाली

# The Khas-Aryanization of Reservation

■ Rajendra Maharjan

"Because he is an untouchable Brahmin –
his temple-entering feet have been chopped off
Although he has adequate capability
his mouth has been denied the savor of cushy job postings
So much so, even his hand which writes
and the tongue that speaks his mother tongue
have been put under bondage
Yes, it is precisely because he is an untouchable Brahmin
that, scores of times each day
he must endure the greatest humiliation
at the hands of the upper-caste Kamis and Damais"

– Bikram Subba, Baburam Bahun Halla Garchha
(The Brahmin Baburam Raises Hell)

When news about persons being denied rental properties on the basis of caste was published, one type of people said 'You were denied rooms for being Dalits, we have been denied quotas in government jobs because we are Brahmins and Chhetris. After all, which space is devoid of discrimination?'

The issue of rental rooms and government quotas being denied on the basis of caste was conflated to raise questions on inclusive democracy. When reservations were demanded at the Masters level for medical studies, a narrative of the 'creamy layer' was created to challenge the principles of proportional and participatory inclusivity and its practice. If access to rental rooms and houses, which have flourished as a private business, has been denied because someone is from a 'lower caste', and, if indeed, someone has been denied quota in government jobs because they belong to the 'upper castes', then democracy, the constitution, and government have shown their true colors through such discrimination.







# आरक्षणको खस-आर्यकरण

■ राजेन्द्र महर्जन

"ऊ अछूत बाहुन भएकोले -
मन्दिर पस्ने उसका खुट्टा काटिएका छन्
योग्यता क्षमता पुगे पनि
गतिलो जागिर चाख्ने उसको मुख टालिएको छ
हुँदाहुँदा आफ्नै भाषामा लेख्ने हात
र बोल्ने जिब्रा बाँधिएका छन्
हो, ऊ अछूत बाहुन भएकोले नै
दिनमा दसौं पटक
ठूला जातका कामी दमाईहरूबाट
घोर अपमानको टीका थाप्दै बाँच्नुपर्छ ।"

**– विक्रम सुब्बा/बाबुराम बाहुन हल्ला गर्छ**

जातको निहुँमा कोठा नदिइएको खबर आएपछि एक थरीले लेख्यो- 'तिमीले दलित भएका कारण कोठा पाइनौ, हामीले बाहुन-क्षेत्री भएका कारण सरकारी जागिरमा कोटा पाएनौं । आखिर विभेद कहाँ छैन र ?'

जातकै कारण कोठा र कोटा नपाइने विषय मिसमास पार्दै समावेशी लोकतन्त्रमाथि प्रश्न उठाइयो । चिकित्साशास्त्रमा स्नातकोत्तर तहमा आरक्षणको माग गरिँदा 'तरमारा'को भाष्य बनाई संविधानको प्रस्तावनामै लेखिएको समानुपातिक समावेशी र सहभागितामूलक सिद्धान्त एवं अभ्यासमाथि पनि सवाल ठड्याइयो । निजी व्यवसायको रूपमा फस्टाएको कोठा वा घरमा कथित 'तल्लो जात'कै आधारमा बहालमा बस्न नपाइएको भए वा कथित 'माथिल्ला जात'कै कारण सरकारी जागिरमा कोटा नपाइएको भए लोकतन्त्र, संविधान र सरकारले पनि जातीय विभेद गर्दै 'जात देखाएको' ठहरिन्छ । जसरी आम रूपमा कथित 'तल्लो जात' भएकै कारण कोठा नपाइने समस्या छ, त्यसरी कथित 'माथिल्लो जात' भएकै कारण सरकारी जागिरमा कोटा नपाइने नीति-नियम-नियत राज्यको व्यवहारमा प्रचलित छ त ?

कुनै पूर्वाग्रहबिना देखिन्छ, यहाँ त बाहुन-क्षेत्री नभएकै कारण सरकारी जागिरमा कोटा

However, just as there exists the problem of persons being denied access to rental properties on the basis of their 'low caste', does this reality exist in the activities of the state the policies, rules and intention to deprive people of government quota jobs solely on the basis of their so-called 'upper caste'?

It is clear that the policy of denying jobs on government quotas if a candidate is not from the Brahmin-Chhetri community continues to exist. Which is not to insinuate that everybody secures a government job just because they come from the Brahmin-Chhetri community. However, there is a near total domination over government jobs of mostly men from these castes. This shows that government jobs have remained a reservation for mostly Brahmins and Chhetris.

### Which caste group has hegemony over civil administration?

Among the 88,578 civil administration staff, only 2.22 percent are Dalits while non-Dalits comprise the vast majority of the rest. Of the 65,500 staff in the police, only 9.45 percent are Dalits. In addition, of the 87,972 staff in the army, only 8.14 percent are Dalits, demonstrating the hegemony of men from a single community. Likewise, in the judiciary, 1.09 percent out of 459 judges are Dalits and it raises the question for whom the courts have been kept under reservation? Does not the fact that barely a handful of non-Brahmin-Chhetri ever rise to senior level positions in the state raise the question about for whom these positions are reserved? Reservations persist through structural benefits tied to education, language and land. Yet, ignoring structural privileges that they receive, the dominant community question, 'How can the illiterate envy the Brahmin CDO who studied hard?'

**"The issue of rental rooms and government quotas being denied on the basis of caste was conflated to raise questions on inclusive democracy."**

Nearly 15 years since reservations were created in the civil administration, the data barely shows any level of proportional inclusivity in regard to different marginalized communities. If reservation is enacted in this way, the state will not become inclusive in the next five generations. The gate into reservation, created in 2007 to allow for the minimum representation of those communities hitherto excluded, has been continually constricted under various guises. Only 45 percent of the seats to be fulfilled have been reserved for various communities. However, the fact that the remaining 55 percent of positions have been reserved for Brahmin-Chhetris is also not hidden from anyone.

It is this group that is jealous of the 45 percent reservations and, spreads disinformation with the false narrative of Brahmin-Chhetris being deprived of quotas because of their identity. The theory spread is that such reservations will perpetuate discrimination on the basis of caste and weaken the principle of meritocracy. The theory does not want to address the informal 55 percent





नपाइने नीति-चाहिँ जारी छ । यसको अर्थ बाहुन-क्षेत्री समुदायका सदस्य भएकै कारण सबैले सरकारी जागिर पाउँछन् भन्न खोजेको होइन । तर सरकारी जागिरमाथि यिनै दुई जातका मूलतः पुरूषको लगभग एकाधिकार छ । यसबाट सरकारी जागिर मूलतः बाहुन-क्षेत्रीलाई नै आरक्षित रहेको तथ्य देखिन्छ ।

### निजामतीमा कुन जात समूहको प्रभुत्व ?

निजामती कर्मचारीतर्फ रहेको ८८ हजार ५सय ७८ जनशक्तिमा १ हजार ९ सय ७१ (२.२२ प्रतिशत) मात्रै दलित छन् भने बाँकीमा गैरदलित पुरूषको अत्यधिक वर्चश्व छ । प्रहरीमा ६५ हजार ५ सय जनशक्तिमध्ये ६ हजार १ सय ९२ (९.४५ प्रतिशत) मात्रै दलित छन् भने बाँकी को छन्, स्पष्ट छ । ८७ हजार ९ सय ७२ जनशक्ति भएको सेनामा ७ हजार १ सय ६४ (८.१४ प्रतिशत) दलितको उपस्थितिले एकल समुदायकै पुरूष प्रभुत्वलाई देखाउँछ । त्यस्तै, ४ सय ५९ जना न्यायाधीश भएको अदालतमा ५ जना (१.०९ प्रतिशत) मात्रै दलित हुनुले अदालत पनि कसका लागि आरक्षित भन्ने प्रश्न उठाउँदैन ? राज्यका विशिष्ट पदमा एकाध गैरब्राह्मण-क्षेत्री मात्रै पुग्नुले सिडियो, सचिव, आइजीपी, सेनापतिजस्ता पद कसका लागि संरक्षित छ भन्ने सवाल उठाउँदैन ? शिक्षा, भाषा, भूमिसँग जोडिएको संरचनागत लाभांशबाट यसरी आरक्षण कायम रहेको छ । तर, संरचनागत लाभांशलाई बेवास्ता गर्दै प्रश्न गरिन्छ, 'टुप्पी कसेर पढ्ने बाहुन सिडिओ भयो भनेर नपढ्नेले रिस गरेर हुन्छ ?'

निजामती क्षेत्रमा आरक्षण लागू भएको करिब डेढ दशकपछि तथ्यांकले सीमान्तकृत समुदायको समानुपातिक समावेशिताको झलक समेत देखिँदैन । यही चालामालाले आरक्षण लागू गर्दा अर्को ५ पुस्तामा पनि राज्य समावेशी हुँदैन । २०६४ सालदेखि असमावेशी समुदायको न्यूनतम प्रतिनिधित्वका लागि बनाइएको आरक्षणको ढोका अनेक तिकडमका साथ साँघुरो बनाइएको छ । पदपूर्तिका क्रममा जम्मा सिटमध्ये ४५ प्रतिशत विभिन्न समुदायलाई आरक्षित गरिएको छ । तर, ५५ प्रतिशत पद ब्राह्मण-क्षेत्रीका लागि लगभग सुरक्षित गरिएको तथ्य पनि कसैबाट छिपेको छैन ।

४५ प्रतिशत पदको आरक्षण वा कोटामाथि पनि आरिस गर्ने वा तोडमरोड गर्ने तप्काले नै 'हामीले बाहुन-क्षेत्री भएर कोटा पाएनौं' भन्ने भाष्य फैलाएको छ । यस्तो आरक्षणले जात–जातिको नाममा विभेदलाई जारी राख्ने तथा 'मेरिटोक्रेसी'लाई कमजोर बनाउने सैद्धान्तिकीको प्रचार गरिएको छ । यस्ता भाष्यकार ५५ प्रतिशत पदमाथि ब्राह्मण–क्षेत्रीको अनौपचारिक आरक्षणबारे अध्ययन गर्न चाहँदैनन्, न त एकल प्रभुत्व रहेको सरकारी संयन्त्रमा भ्रष्टता, बेथिति र निकम्मापनले बनाएको 'मेरिट'बारे विमर्श गर्न तयार छन् । यस्तो अरूचिले आरक्षणले कर्मचारीतन्त्रलाई अक्षम बनाएको अनुसन्धानबिनाको तर्ककै फेर समात्छ, सके अन्य असमावेशी समुदायका लागि यस तन्त्रको छिद्र नै बन्द गर्छ, नसके त्यही प्वाल पनि सजातका लागि सुरक्षित गर्ने तिकडम र प्रचारबाजी गर्छ ।

**"जातकै कारण कोठा र कोटा नपाइने विषय मिसमास पार्दै समावेशी लोकतन्त्रमाथि प्रश्न उठाइयो ।"**

असमावेशी नेपाली राज्य र त्यस विरूद्ध भएका विविध जनआन्दोलन हेर्दा राज्यका अंगमा सांकेतिक (टोकन) समावेशिता होइन, यसका सबै संयन्त्रको पुनःसंरचना नै अत्यावश्यक रहेको प्रस्टै देखिन्छ । तर, राज्य पुनःसंरचनालाई रछ्यानमा फ्याँक्दै सांकेतिक समावेशिताको रूपमा थालिएको कोटा सिस्टमप्रति समेत बर्चस्वशाली समुदायमा कति आरिस रैछ, सर्वोच्च अदालतको फैसलामा झल्किएको छ । फैसलामा सीमान्तकृत समुदायमा १४

reservation for Brahmin-Chhetris nor discuss the corruption within government dominated by a single group, nor the 'merit' created through incompetence and mismanagement. This disdain rides the coattails of the unfounded assertion that reservations have made the bureaucracy incapable. If it can, it blocks access to any additional community still excluded and failing to do so, it agitates to find ways to secure that point of access for the so-called 'high caste' groups.

The exclusionary Nepali state and the various people's movements against it make it clear that there is a need of a wholesale restructure of society, not just a tokenistic inclusion. However, while coldly dismissing the existing state restructure, the Supreme Court's recent decision demonstrated malevolence of the dominant community towards even the tokenistic inclusion put forward by the quota system. The decision mentioned a tarmara barga ('creamy layer') formed within the marginalized communities in the past fourteen years when the quota system was practiced, the phrase which itself is derogatory and was invented by the decision. This decision has now strengthened the strategy to take away the slim concessions received by the marginalized communities. It has also supported the narrative put forward by the dominant community, which in fact, does enjoy the informal and unspoken quota system of the state.

## Hegemony in constitutional appointments

When, in 2020, the government appointed men from a single caste to 12 constitutional commissions, they did not find it objectionable. The President did not find it objectionable even as she approved 58 appointments following recommendation by the Prime Minister, Chief Justice and Speaker of the National Assembly. The President is the same person who, as an MP, introduced the proposal to institute 33 percent representation at the Interim Parliament in 2006. However, she ignored the mandatory provision – as instituted by her proposal – to ensure 33 percent presence of in every organ of the state.

In the political and constitutional appointments made between 2016 and 2019, the presence of Dalits amounted to only four percent while the Khas-Arya comprised 68 percent. So much so, when the Inclusivity Commission was, in effect, transformed into the Khas-Arya commission, administration experts and creators of narratives remained silent. It is also not a coincidence that the politicians granting the appointments, the persons receiving them and other claimants to such appointments and those who stayed quiet were all from the same class, caste and gender. All that those who claim that 'inclusivity is the cancer of bureaucracy' do is create reservations for themselves. It is the inclusion in all mechanisms of only the 'high caste', preferred ethnicities and male gender. The decision by the Parliamentary Committee to provide a 28 percent reservation to the Khas-Arya

> **"Just as Brahmin and Chhetri men maintain hegemony over political parties, the state and government, there is also a corresponding narrow mindedness, insensitivity and intolerance."**





वर्षको कोटा अभ्यासबाटै विशिष्ट वर्ग तयार भइसकेको पूर्वाग्रह बोक्दै 'तरमारा वर्ग'जस्तो अपमानजनक नयाँ शब्द बनाएर आरक्षणविरूद्ध प्रहार गरिएको छ । यसले सीमान्तकृत समुदायले पाएको पित्को जत्तिको सहुलियत पनि खोस्ने रणनीतिलाई सबल बनाएको छ र असमावेशी राज्यले प्रभुत्वशाली समुदायलाई पोस्दै आएको अनौपचारिक आरक्षणको भाष्यलाई नै वैचारिक टेवा दिएको छ ।

## संवैधानिक नियुक्तिमा एकलौटी

२०७८ सालमासरकारले १२ संवैधानिक आयोगमा गरेका नियुक्तिमा एक जातिको पुरूष पदाधिकारी मात्रै छानिँदा उनीहरूका आँखामा पटक्कै बिझेन । तत्कालीन प्रधानमन्त्री, प्रधानन्यायाधीश र राष्ट्रियसभाका अध्यक्षले गरेको ५८ जनाको सिफारिस सदर गर्दा पनि राष्ट्रपतिलाई आपत्तिजनक लागेन । राष्ट्रपति विद्यादेवी भण्डारी अन्तरिम संसद् २०६३ मा ३३ प्रतिशत महिला प्रतिनिधित्वको संकल्प प्रस्ताव दर्ता गर्ने सांसद हुन् । त्यही संकल्पअनुसार व्यवस्थित राज्यका हरेक निकाय र नियुक्तिमा ३३ प्रतिशत महिलाको अनिवार्य उपस्थिति गराउनुपर्ने बाध्यकारी प्रावधानलाई उनले नै बेवास्ता गरिन् ।

२०७४ सालदेखि २०७७ सालसम्म गरिएका राजनीतिक एवं संवैधानिक नियुक्तिमा दलितको ४ प्रतिशत मात्रै उपस्थिति थियो भने खस-आर्यको सहभागिता ६८ प्रतिशत । हुँदाहँदा समावेशी आयोगलाई खस-आर्य आयोग बनाइँदा समेत प्रशासनविद् र भाष्यकार मौन बसे । यसरी नियुक्त गर्ने नेता, नियुक्ति पाउने भाग्यमानी मात्रै होइन, नियुक्तिका दाबेदार र मौन बस्ने विद्हरू एउटै वर्ण, जात, लिङ्गका हुनु संयोग होइन । 'समावेशीकरणलाई कर्मचारीतन्त्रको महारोग' मान्नेहरूले गर्ने भनेकै राज्यमा आफू र आफ्नालाई आरक्षण हो; सबै संयन्त्रमा सवर्ण, सजात, सजाति-सलिङ्गको समावेशीकरण हो । निजामती सेवामा जनसंख्याभन्दा अधिक प्रतिनिधित्व हुँदाहुँदै पनि खस-आर्यका लागि २८ प्रतिशत आरक्षण दिने संसदीय समितिको सहमति आरक्षणको खस-आर्यकरणको उदाहरण हो । यो खासमा जात–तन्त्रको उदाहरण हो, जुन 'आधुनिक नेपाल'को इतिहासमा प्रशस्तै देखिन्छ । जात-तन्त्र दक्षिण एसियामा लागू भएको हिन्दु धार्मिक-राजनीतिक व्यवस्थाको मेरूदण्ड हो, वर्ण-व्यवस्था र पितृसत्ताको विस्तार हो, जुन वर्ण-जात-लिङ्गअनुसार शक्ति, शास्त्र, सम्पत्ति, पेसाको आरक्षणको जीवन्त नमुना हो ।

## जात-तन्त्रको जालो र जरो

'आधुनिक नेपाल'को इतिहास नै ब्राह्मण क्षेत्रिय जस्ता आफन्तको आरक्षण र तिनका स्वार्थको सुरक्षाका लागि गोर्खाली राजादेखि नेपाली शासकका नीति-नियम-नियतको ऐना हो । शाहवंशीय राजाको अगुवाइमा फैलिएको गोर्खा साम्राज्य खासमा जात-तन्त्र पनि थियो, जसले जातको आधारमा राज्य–तन्त्रमा समावेशीकरण र बहिष्करण गर्थ्यो । शाह र राणा शासकहरूले 'दिव्य उपदेश'देखि 'मुलुकी ऐन' लेखेर निश्चित जातका लागि सत्ता, स्रोत र प्रतिनिधित्वको आरक्षण अधिकार, निश्चित जातका लागि असुरक्षा, अक्षमता, असुविधासहितको कर्त्तव्यको भारी बोकाएका थिए ।

सामन्ती राजतन्त्रमा वंश, कुल, जन्म, जेष्ठताका आधारमा राज गर्ने र शक्ति, शास्त्र, सम्पत्ति, पेसाको आरक्षण अधिकार भोग्ने चलन हुनु अनौठो नहोला । अनौठो

> **"दल, राज्य र सरकारमा धेरै जसो ब्राह्मण र क्षत्री पुरुषको प्रभुत्व छ र सोही अनुरुप संकीर्णता, असंवेदनशिलता र असहिष्णुता छ ।"**

community despite the fact that it is represented in greater proportion than its share in the population is an example of the 'Khas-Aryanization of reservation'. This is an example of a 'casteocracy', which can be seen too frequently in the history of 'modern Nepal'. Casteocracy is the backbone of the religious-political system prevalent across South Asia. It is an expansion of the caste system and patriarchy, which is a living example of the reservation on power, knowledge, property and profession enforced on the basis of caste, ethnicity, and gender.

## The extent and roots of casteocracy

The history of 'modern Nepal' reflects the policies, rules and intentions of the Nepali rulers, beginning with the King of Gorkha, aimed at creating reservations for the Brahmin and Chhetri relatives and securing their interests. The Gorkha Empire, which expanded under the leadership of the Shah dynasty, was in reality also a casteocracy, which performed inclusion and exclusion on the basis of caste. The rulers, between the Divyopadesh of the Shah king and the Muluki Ain of the Rana prime minister, wrote laws to ensure the reservation rights to state power, resources and representation for specific castes while burdening other certain castes and ethnicities with duties laden with insecurity, incapability and disenfranchisement.

It may not be unusual under a feudal monarchy to get to rule on the basis of clan, genealogy, birth and primogeniture, and enjoy the reservation rights to power, knowledge, property and profession. Yet, it is strange that the same eternal policies and practices have continued into the republic era – from language to the religion and culture, from education to administration, from politics to media. The narrative of national unity, built on the foundations of this practice, says that Nepal was unified by our rulers, the army, castes and ethnicities, language and religion and culture, from which it has received its special status in the state. This narrative created a nationalist arrogance among the ruling community. It has strengthened the attitude of thinking of some groups as either the 'ruled', 'foreigners' and 'second-class' citizens. The most dangerous result of this is the negligence and bullying of, and blindness toward, the challenges existing among other castes, ethnicities, genders, language groups, regions, religions and cultures. They become nearly devoid of any empathy. These aspects do not bode well for winning the hearts and minds of citizens, which should have marched apace with the restructuring of the state.

## An empire for one language, exclusion for others

Just as Brahmin and Chhetri men maintain hegemony over political parties, the state and government, there is also a corresponding narrowmindedness, insensitivity and intolerance. A glance through the one-language policy of the state





कुरा के भने गणतन्त्रमा पनि तिनै सनातनी नीति र अभ्यास जारी छ, भाषादेखि धर्म-संस्कृतिसम्म, शिक्षादेखि प्रशासनसम्म, राजनीतिदेखि मिडियासम्म । यसको जगमा निर्मित राष्ट्रिय एकीकरणको भाष्य भन्छ : 'हाम्रा शासक, सेना, जाति, जात, भाषा र धर्म-संस्कृतिले नै राष्ट्रिय एकीकरण गरेको र त्यसैकारण विशिष्ट राजकीय हैसियत पाएको हो ।' यस भाष्यले शासक समुदायका सदस्यमा राष्ट्रवादी अहंकार जन्माएको छ, कसैलाई शासित, कसैलाई विदेशी त कसैलाई दोस्रो दर्जाका जनता ठान्ने भावना प्रबल बनाएको छ । यसको सबैभन्दा खतरनाक प्रतिफलको रूपमा देखिएको छ – अन्य वर्ण-जात-जाति-लिङ्ग-भाषा-भाषी-धर्म-संस्कृति-क्षेत्रका समस्या र संघर्षप्रतिको अन्धता, बेवास्ता र बलमिच्याइँ । उनीहरू संवेदनाको मानवीय ग्रन्थीबाट लगभग वञ्चित हुन पुग्छन् । यी पक्ष राज्यको पुनःसंरचनासँगै गर्नैपर्ने जनमनको शुद्धिकरणका लागि शुभ संकेत होइनन् ।

## एउटा भाषाको साम्राज्य र अन्यको बहिष्करण

दल, राज्य र सरकारमा धेरैजसो ब्राह्मण र क्षत्री पुरूषको प्रभुत्व छ र सोही अनुरूप संकीर्णता, असंवेदनशिलता र असहिष्णुता छ । राज्यको एकल भाषा-नीतिको आँखीझ्यालबाट मात्रै हेर्दा पनि राज्यसँगै शासक समुदायमा समेत ती रोग कम देखिँदैन खस-पर्वते भाषालाई 'राष्ट्र-राज्य' निर्माणको एक खम्बा बनाउन गोर्षाली-गोर्खाली भाषा बनाइयो । त्यसैलाई सन् १९३० को दशकमा 'नेपाली भाषा'को नाम दिँदै अरू भाषालाई अनेपाली बनाइयो । सयभन्दा बेसी भाषा भएको नेपालमा एउटा भाषा मात्रै नेपाली हुनासाथ अरू भाषा अनेपाली वा गैरनेपाली वा नेपाली-इतरको भाषा बन्न पुगे । यो नाममा एकाधिकारका साथ गरिएको बहिष्करणकारी भाषिक राजनीति हो । यसले शासकहरूको भाषा बोल्ने लेख्नेमा श्रेष्ठताको अहंकार बढाएझैँ अरूमा हीनभाव बढाएको छ। अरूले शासकीय भाषा बोल्ने–लेख्नेसँग बराबरीको हकका निरन्तर संघर्ष गर्नुपर्ने बनाएको छ । राज्यलाई सबै भाषाको आफ्नो राज्य बन्न पनि दिएको छैन ।

यही भाषिक एकाधिकारवादी राजनीति राज्यका सरकारी, प्रशासनिक, शैक्षिक नीति र व्यवहारमा पनि देखिन्छ । खस-नेपाली भाषालाई मात्रै सरकारी र प्रशासनिक राष्ट्रभाषाको विशिष्ट संवैधानिक हैसियत प्राप्त छ भने अरू भाषालाई कामकाजी मात्रै बनाइएको छ । यसरी शासकीय भाषा बोल्नेहरू राज्यको सुरक्षा छाताभित्र छन् भने अरू भाषाभाषी राज्यबाटै सीमान्तकृत।

शैक्षिक क्षेत्रमा हुने अध्ययन-अध्यापनमा अंग्रेजी र नेपाली भाषाको प्रभुत्व हुनु र अन्य भाषा दमन र बेवास्तामा पर्नु यसैको उदाहरण हो । सामान्यतः शैक्षिक अधिकार नागरिकको नैसर्गिक हक हो तर व्यवहारमा यो अधिकार निश्चित वर्ण-जातको पोल्टामा परेको छ । पुँजीवादमा शिक्षण संस्था र शिक्षा पद्धतिको विकास नै केही विशिष्ट मानवलाई प्रतिस्पर्धामा अब्बल, ज्ञानमा उत्कृष्ट तथा रोजगार, सत्ता-शक्तिका लागि योग्य हठ्याउने संरचना र प्रणालीको रूपमा विकास गरिएको हो । बहुभाषी देशमा एकल भाषाबाट शिक्षण भनेकै राष्ट्रभाषा-प्रशासनिक भाषा-शैक्षिक भाषा बोल्ने समुदायका लागि संरचनात्मक शुभलाभ हुन्छ भने अन्य भाषाभाषीका लागि नोक्सानी र विलाप ! यसका लागि भाषाले मात्रै भूमि-सम्पत्तिमाथिको स्वामित्व, शैक्षिक र अन्य प्रशासनसँगको संगत र सम्बन्ध, शिक्षा प्राप्तिपछि उपलब्धिको उत्प्रेरणा र आशाले पनि उत्तिकै भूमिका खेलिरहेका हुन्छन् ।

प्रचलित शिक्षा प्रणालीमा सामान्यतः नेपाली दोस्रो भाषा हुनेहरू कक्षाको तह वृद्धिसँगै 'ड्रप

is enough to expose that, along with the state, this condition is prevalent among the ruling community. In order to make it a pillar of nation-state building, the Khas-Parbatey language was made the 'Gorkhali' language. In the 1930s, this language was renamed the 'Nepali' language, thereby rendering all other languages effectively 'non-Nepali'. Immediately as only one language was declared Nepali in a land with over a hundred different languages, every other language became a non-Nepali language. This is an exclusionary act of 'language politics' effected through hegemony over the act of naming. Just as it has increased the arrogance of superiority among those who speak the language of the rulers, it increased the sense of inferiority among the rest. It forced the rest to struggle for the right to equality with those who speak the language of the state. It has denied the state the ability to belong to citizens who speak other languages.

This state policy of linguistic domination is reflected in the governance, administrative, and educational policies and activities. Only the Khas-Nepali language has been granted the distinguished constitutional status as the 'national language' of governance and administration, whereas other languages have been designated as merely functional languages. Thus, speakers of the ruling language are under the state's security-umbrella while other languages have been marginalized by the state.

The fact that the English and the Nepali languages are dominant in the education sector while other languages have been oppressed is an example of this. Generally, the right to education is a fundamental right of the citizen, but in practice this right has become limited to a certain castes and ethnicities. Under capitalism, the educational institutions have been developed as a structure and system to designate a few specific individuals as superior in competition, excellent in knowledge, and worthy of employment and state power. To employ a singular language as the medium of instruction in a multilingual nation is to ensure structural benefits for the community that speaks the national language while guaranteeing loss for all other languages. In this context, language plays an equally key role in the ownership of land and property, the relationship and proximity with educational and other administration, and the aspirations and hopes for the achievements awaiting after the completion of formal education.

It is well attested that, in the current educational system, students for whom Nepali is a second language gradually drop out as their grade years increase, while those whose first language is Nepali gain greater benefits. This gradual pruning determines who gets what, and who loses what, as the educational certificate has been made the 'gateway' to employment, access to state power, status and dignity. In general, this gateway is a deceptive structure created on the basis of class, caste, ethnicity, gender, region, language, religion, and culture. This is





आउट' हुँदै जान्छन् र पहिलो भाषाभाषीले भने लाभ प्राप्त गर्दै जान्छन्, जगजाहेर छ । यसरी फाँडिँदा-फाँडिँदै तय हुँदै जान्छ- कसले के पाउने हो, कसले के गुमाउने हो ? किनभने शैक्षिक डिग्री रोजगार, सत्ता-शक्ति, हैसियत र सम्मानको ढोका बनाइएको छ । सामान्यतः यो ढोका वर्ग, वर्ण, जात, लिङ्ग, क्षेत्र, भाषा, धर्म, संस्कृतिको आधारमा बनाइएको छलकारी संरचना हो । यो सनातनी प्रभुत्व र वर्चस्व बनाइराख्ने धोका हो, यहाँबाट बहिष्कृत समुदायका एकाध मान्छे मात्रै छिर्न सक्छन् । समावेशी र समतामूलक देखिए पनि यसले बहिष्करण, सीमान्तीकरण र दमनलाई वैधता, सम्मति र स्वीकार्यता दिइरहेको हुन्छ ।

## अन्यका लागि साँघुरो शासन-प्रशासनको ढोका

उच्च शिक्षाको भऱ्याङ चढ्दै नेपाली भाषामा पोख्त भइएन भने शासक र प्रशासक हुने द्वार खुल्दैन, लोकसेवा आयोगको दैलो बन्द हुन्छ । न असमावेशी समुदायका लागि आरक्षित ४५ प्रतिशतको गल्लीमा छिर्न सकिन्छ, न त सधैं समावेशी समुदायका लागि सुरक्षित ५५ प्रतिशतको दरबारमै पस्न सकिन्छ । अन्य राष्ट्रभाषामा बन्द लोकसेवा आयोगको दैलोले देखाइरहेको छ- राज्यबाट परायाकरण (अदरिङ) गरिएका समुदायका लागि 'स्थायी सरकार'को द्वार राम्ररी खुलेकै छैन । आरक्षणको नाममा खुलेको ढोकालाई फराकिलो बनाउन लोकसेवाको द्वार सबै राष्ट्रभाषाले बनेको समानुपातिक समावेशिताको साँचोले खुल्ने बनाइयो भने अलिकति समताको भाव आउला, राज्यप्रति अपनत्वको मोह जाग्ला ।

स्थायी सरकारको प्रशासक हुनुभन्दा कम गाह्रो छैन, सरकार—प्रमुख, सरकार चलाउने दलका नेता र मन्त्री हुन पनि । बिर्ताका हकदार तागाधारी, त्यसमा पनि क्षेत्री पुरूष कुलीनको एकाधिकार रहेका राज्य संयन्त्रमाथि अब ब्राह्मण अभिजात मर्दको प्रभुत्व त्यत्तिकै कायम भएको होइन ।[१] राज्यमाथि जात, वंशाणु, लिङ्गगत सामन्तशाहीको समाप्तिसँगै राजनीतिक दलमार्फत ब्राह्मण अभिजात मर्दको एकछत्र प्रभुत्व छ । यो आर्थिक-सांस्कृतिक संरचनाभन्दा परको दैवीसंयोग वा योग्यता-क्षमता-गुणको योग होइन, बरू समाजका अन्य पक्षमा जस्तै सनातनी आरक्षणको कुलजोड हो ।

लामो समयदेखि सत्ता-शक्ति-सम्पत्ति छ, उनीहरु मात्रै नेता हुने, उनीहरूले नै टिकट बाँड्ने र पाउने, निर्वाचन हाँक्ने, जित्ने तथा पुरानो राजनीतिक क्लबमा प्रवेश पाउने राजनीतिक र निर्वाचन प्रणाली जारी छ । कुनै उम्मेदवार जित्ने सम्भावना (विनिबिलिटी)का आधार मात्रै केलाउँदा पनि देखिन्छ- माथिल्लो आर्थिक हैसियतसँगै सामाजिक संरचनामा उच्च स्थान, राज्य संयन्त्रसँगको निकटता तथा राज्यका जात, भाषा, धर्म, संस्कृति र क्षेत्रसँगको अभिन्न सम्बन्धले हार-जितमा सर्वाधिक अर्थ राख्छन् । यसकारण, 'अन्य' समुदायका लागि राजनीतिक स्पेस अत्यन्त कम छ ।

## अलिकति मानवीय र लोकतान्त्रिक बन्ने कि ?

सबै नीतिभन्दा माथि र निर्णायक मानिने राजनीतिले आफन्त र आसेपासेलाई पोस्ने गरी आरक्षण नीति बनाएका छन् । अन्य समुदायलाई समावेशी गर्ने भनिए पनि आफ्नै जातलाई नीतिगत सुरक्षा दिनेगरी नियम-विनियम तर्जुमा गर्छन् । राजनीतिको केन्द्रमा रहेको राज्य र राज्य सञ्चालकले सयौं वर्षसम्म धर्मशास्त्र र वर्ण-व्यवस्थाअनुसार ऐन-कानुन-संविधान

a deception created to perpetuate the hegemony of one group as only a few individuals from the excluded groups are able to pass through this gate. Therefore, although the current education system appears inclusive, it continues to provide legitimacy, acceptance and approval to exclusion, marginalization and oppression.

## The narrow gate of governance and administration for others

Unless one climbs up the ladder of higher education and becomes adept with the Nepali language, Public Service Commission (PSC) or the gateway to becoming the ruler and administrator closes shut. One can neither enter the narrow alley of the 45 percent reservation set aside for excluded communities nor can one enter the palace of 55 percent secured for communities that have always been included. The PSC, which is shut off to other national languages, shows that the gates to the 'permanent state' has not been effectively opened up to the communities that have been hitherto 'othered' by the state. To widen the gate opened under the name of reservation, if the entrance into the PSC is rendered responsive to the key of proportional inclusivity forged out of all national languages, perhaps a semblance of justice will be created, and perhaps it will inspire a sense of ownership vis a vis the state.

It is not any easier to become the head of state nor the leader and ministers in the ruling party than it is to become an administrator in the permanent state. It is not accidental that the high-born Brahmin man now dominates the state mechanism, which had been the hegemony of the aristocratic Chhetri man, the tagadhari community with large land grants.[1] Just as the domination over the state by a hereditary feudal class based on caste and gender ended, the high-born Brahmin men now enjoy total hegemony through the political parties. This is not the result of a coincidence or product of eligibility, capability, and quality irrespective of the economic and cultural structure, but rather the culmination of the same perpetual reservation seen in other aspects of society. They have long possessed state power and property – they become leaders, they grant and receive election tickets, they run and win in elections. Even just examining the candidates on the basis of their 'winability' reveals that high financial worth, along with high positions in the social structure, proximity with the state mechanism, and close relations with the caste, ethnicity, language, religion, region and culture of the state hold the key significance vis a vis electoral win and loss. In this sense, there is little political space for 'other' communities.

## Should we become a bit humane and democratic?

Politics, considered decisive in the design and implementation of policies, has been used to create a reservation policy that benefits their relatives and hangers-





बनाउँदै, त्यसलाई रीति-थिति, परम्परा र संस्कारको रूपमा सामाजिक विधान अभ्यास गर्दै, कसैलाई आरक्षण त कसैलाई बहिष्करण गरेकै थिए, दलन, उत्पीडन र विभेद नगर्नेलाई समेत दण्डित गरेकै थिए । आज तिनै राज्याधिकारीले अनेक आन्दोलनपछि पनि न विभेदकारी संरचना र संस्कृतिमा आमूल परिवर्तन गर्छन्, न शक्ति-सम्बन्धमा फेरबदल गर्छन्, न त विभेदी मानसिकतालाई नै फेर्न खोज्छन् ।

नयाँ राज्याधिकारीलाई लाग्दो रहेछ- हामीले सबै फेर्‍यौं, योभन्दा फेर्ने ठाउँ नै छैन । ती सबै फेरफार त आफ्नो जातकै लागि रहेछ ! आरक्षणको बदख्वाइँ गर्नेहरूमा कहिलेदेखि आफूलाई संरचना फेर्न लगाउने र संरचनात्मक लाभांशबाट मुक्त गर्ने सोचाइ आउने होला ? राज्यमा अन्य समुदायका पनि उत्तिकै हक-अधिकार छ भन्ने तथ्य स्वीकार्दै आफूलाई लोकतन्त्रीकरण गर्ने विचार कहिलेदेखि आउने होला ? कहिलेदेखि बहिष्कृतका नजरबाट समस्याको जरो हेर्दै, समाधानका उपाय खोज्दै आफूलाई मानवीकरण गर्ने सुमति विकास हुने होला ? आफूलाई मानवीकरण र लोकतन्त्रीकरण गर्ने हो भने एक दिन, मात्र २४ घण्टा अछूत भएर, क्वेयर भएर, यौनिक र लैङ्गिक अल्पसंख्यक भएर, अपाङ्ग भएर, महिला भएर, मधेसी भएर, जनजाति भएर, दलित, महिला, मधेसी, जनजातिका पनि उत्पीडित भएर बाँचेर हेरौं, अनि 'थाहा' हुन्छ- यो असमावेशी राज्यमा बाँच्न कति गाह्रो छ ?

### पाद टिप्पणी

१ तागाधारी समुदाय जनै लगाउने कथित उच्च जातिय समुदाय हुन्। नेपालको हिन्दु वर्णक्रम अनुसार, बाहुन र छेत्रीले जनै लगाउछन् ।

on. Although they say other communities will be included, they draft rules and regulations aimed at providing policy-based protection to their own caste. For centuries, the state and its rulers, occupying central positions in politics, had created laws, rules, and constitutions in line with their religious scriptures and the caste system. They had practiced it as a social norm in the guise of rituals, traditions, and culture to provide reservations for some and to exclude others. They had punished even those who had refused to participate in the oppression, abuse, and discrimination. Today, even after numerous movements and revolutions, the same office bearers neither wish to fundamentally transform the discriminatory structure and culture, nor do they change the power relations, and nor do they attempt to reform the prevalent discriminatory mindset.

The new office bearers of the state seem to think 'We have transformed everything and that there is no more change to be made'. However, all of the transformations seem to have been made to benefit their own castes! When will the people who are today denigrating the reservation ever find the inspiration to undertake the task of changing the structure, and to emancipate themselves from the structural benefit they receive? When will they accept that other communities have equal rights in the state, and begin to democratize themselves? When will they gain the wisdom to examine the roots of the problems through the perspective of the excluded, and humanize themselves by attempting to find suitable solutions? If they democratize and humanize themselves, if they spend a mere 24 hours as an untouchable, a member of the LGBTQI+ community, an intellectually disabled, a woman, a Madheshi, an indigenous person, if they live the oppression as experienced by a Dalit, woman, Madheshi, indigenous person, then they will 'know' – how difficult it is to live under this non-inclusive state.

## Endnotes

[1] Tagadhari community is the upper-caste community, which traditionally wears janai, a Hindu ritualistic thread. In Nepal's Hindu hierarchy, religious Brahmins and Chhetris wear janai.

# The Exclusion of Tharu Women

■ Indu Tharu

## Preface

The Women's Liberation Movement has expounded many theories about gender inequality. Some center the movement on the effects of sexism while others discuss the women's liberation movement in terms of a joint struggle against sexism and casteism. As the issues of women's liberation in South Asian society are the results of both gender and caste discrimination, analysis should focus on both. This article primarily utilizes that prevailing point of view to discuss the causes of discrimination against Tharu women – from the perspectives of sexuality and ethnicity.

Women are discriminated against within Tharu communities too. They are excluded at home, in the family and community simply because of their status as women. The patriarchal power dynamic is primarily responsible for this. Tharu women are gravely oppressed also on the basis of caste. Not only women, but Tharu men are also oppressed because of their caste. Tharu women are structurally oppressed because of both of these types of exclusion. Therefore, Tharu women have a different experience of discrimination than other women.

## Exclusion within Tharu Society

Tharu women experience every type of gender inequality within the home. Traditional societies designate domestic duties differently to men compared to women. For example, families designate chores like cooking and washing dishes exclusively to women. Similarly, as women do not have full ownership of their own reproductive rights, they are viewed as reproductive machines. In other words, women have been limited to the roles of having babies and being housewives.







# बहिस्करणमा थारु महिला

■ इन्दु थारु

## पृष्ठभूमि

महिला मुक्ति आन्दोलनले महिला असमानताबारे थुप्रै सैद्धान्तिक व्याख्या गरेका छन् । कतिपयले यो आन्दोलनलाई यौनवादको प्रभावमा केन्द्रित गरेका छन् भने कतियले महिला मुक्ति आन्दोलनलाई यौनवाद र जातिवादको मिश्रित संघर्षका रूपमा पनि विवेचना गरेका छन् । दक्षिण एशियाली समाजमा महिला मुक्तिको सवाल लैङ्गिक र जातीय विभेदको उपज भएका कारण सोही अनुरूप बुझ्न विश्लेषण गरिनुपर्छ । यो लेखमा मूलत : थारु महिलामाथिको उत्पीडनबारे व्याप्त धारणाहरु : समस्याको कारण लैङ्गिकता र जातीयता दुवै कोणबाट चर्चा गरिएको छ ।

थारुभित्र पनि महिलामाथि विभेद छ । उनीहरु महिला भएकै कारण घर, परिवार र समुदायमा बहिष्करणमा पारिएका छन् । यसो हुनुको मुख्य कारण पितृसत्तात्मक शक्ति सम्बन्ध जिम्मेवार छ । यसैगरी अर्कोतिर थारु महिला जातीवादको चरम उत्पीडनमा पनि छन् । यस्तो उत्पीडनबाट थारु महिला मात्रै होइन पुरुष पनि उत्पीडित छन् । यी दुवै प्रकृत्तिका बहिष्करणका कारण थारु महिला संरचनात्मक रूपमै उत्पीडनमा छन् । यसर्थ यी दुवै किसिमको विभेद भोग्नु थारु महिलाको लागि अन्य महिलाको भन्दा फरक अनुभव फरक हो ।

## थारु समाजभित्रको बहिष्करण

थारु महिलाले घरभित्र हुने सबै प्रकारका लैङ्गिक असमानता भोगेका हुन्छन् । परम्परागत समाजमा घरायसी काममा महिला र पुरूषका जिम्मेवारी छट्याइएको हुन्छ । जस्तै : खाना पकाउने, भाँडा माझ्ने काम महिलाले मात्र गर्नुपर्छ भन्ने जिम्मेवारी परिवारले तोकिदिएको छ । यसैगरी उनीहरु प्रजननको अधिकार महिलामा निहीत छैन त्यसैले महिलालाई बच्चा जन्माउने यन्त्रका रूपमा हेरिन्छ । अर्थात महिलालाई केवल बच्चा जन्माउने र गृहिणीको भूमिका निर्वाह गर्ने काममा मात्रै सीमित गरिँदै आएको छ ।

पितृसत्ताले निर्माण गरिदिएको यस्तो असमान नीति-नियम र रीतिथितिको जञ्जालमा थारु महिला पनि बाँधिएका छन् । त्यसैले घरभित्रको काममा केन्द्रित भएर पितृसत्तात्मक

Tharu women are tied up in such unequal rules and customs created by patriarchy. Therefore, it has become their fate to support patriarchal family systems by being limited to household work only. Women have all the responsibilities of household work, yet their status is not equal to men. The same dominant status that men hold within the household has created problems for women's inclusion and participation within the public sphere too.

A majority of Tharu women are not aware of women's liberation and women's rights. When asked about women's liberation, they say "we cannot even visit our parents without our husbands' permission." This points to how strong patriarchy is within Tharu communities. On the other hand, Tharu men are quite free – they can go anywhere without worry and certainly without having to consult with women.

In line with patriarchal value systems, the public sphere within Tharu communities is also under men's control. Men dominate all leadership positions within their communities. Only men are found in the roles of community chiefs with women never having the opportunity to enter this world. In the past, women were not allowed to even participate in the election of such leaders. However, women have begun to break this tradition and participate in the elections to these positions – even winning elections to the positions in some places. This is a positive development. Yet, even women who have achieved these positions are not completely autonomous in their ability to exercise authority as the influence of patriarchy can be found here too.

Additionally, other positions of leadership within Tharu communities, like spokesperson, priest, or healer, etc. are also dominated by men. What is more – leadership positions for every socio-cultural activity are centered on men. In other words, authority and the ability to exercise power remain solely in the hands of men with women forever denied power, resources and rights.

Even those Tharu organizations formed to further rights of their community - such as Tharu Kalyankarini Sabha and Tharuhat Tharuwan Rashtriya Morcha - do not prioritize the equal participation and representation of Tharu women. Even today, no Tharu woman has worked in an executive role in any of these organizations. It is important to note that a major demand of these organizations is proportional representation based on ethnic population.

> **Tharu women are gravely oppressed also on the basis of caste.**

This shows that women have not had the access to knowledge, power and resources for a long time. This has contributed to the construction of a society based on gender discrimination. The coercive environment characterized by gender inequality and male domination has also impacted Tharu society. Therefore, Tharu women continue to struggle against their exclusion in the public sphere within their own communities.





परिवारलाई धानिदिनु थारु महिलाको नियति बनेको छ । महिलाले सम्पूर्ण घरेलु कामको जिम्मेवारी सम्हाल्नु पर्छ तर, महिलाको हैसियत पुरूष समान मानिंदैन । घरभित्रको पुरूषको प्रभुत्वका कारण महिलाको सार्वजनिक क्षेत्रमा संलग्नता र सहभागिता जटिल विषय बन्न पुगेको छ ।

बहुसंख्यक थारु महिलाले महिला स्वतन्त्रता र अधिकारको कुरा बुझ्दैनन् । थारु महिलालाई स्वतन्त्रताबारे सोध्दा भन्छन्, 'थरूवा से बिन् पुछ्ले लैहर फे जाई नइ सेक्ठी' अर्थात श्रीमान्लाई नसोधी माइत पनि जान सक्दैनौं । यसले थारु समुदायमा पितृसत्ता कति बलियो छ भन्ने संकेत गर्दछ । अर्कोतिर, थारु पुरूष भने निकै स्वतन्त्र छन्, निष्फिक्री जता पनि हिंड्न सक्छन् । उनीहरु घरका महिलासँग सरसल्लाह पनि नगरी जता पनि जान सक्छन् ।

थारु समाजको सार्वजनिक वृत्त पनि पितृसत्तात्मक मूल्य प्रणाली अनुसार पुरूषकै नियन्त्रणमा छ । थारु समाजको अगुवाई गर्ने सबै पदमा पुरूषकै हालीमुहाली रहन्छ । थारु समाजको अगुवा भलमन्सा वा बरघरको भूमिकामा पुरूष मात्रै हुन्छन, महिलाले कहिल्यै बरघर बन्ने अवसर पाउँदैनन् । बिगतमा भलमन्सा वा बरघर छनौट गर्ने प्रक्रियामा समेत महिलालाई सहभागी गरिँदैनथ्यो । तर यो परम्परालाई तोड्दै थारु समाजमा भलमन्सा वा बरघर छनौटमा थारु महिला सहभागी हुन थालेका छन् भने कतै कतै थारु महिलाले नै बरघरको जिम्मेवारी पनि सम्हाल्न थालेका छन् । जुन सकारात्मक कुरा हो । यद्यपि, यसरी जिम्मेवारी पाएका महिला पनि अधिकार प्रयोग गर्न भने पूर्ण स्वायत्त छैनन् । पितृसत्ताको प्रभाव त्यहाँ पनि परेकै छ । यसैगरी थारु समाजको नेतृत्वदायी अन्य पदहरु जस्तै : चिरक्या, गुरूवा, वैडवा आदिमा पुरूषको मात्रै वर्चस्व रहँदै आएको छ । यति मात्रै होइन, हरेक सामाजिक-सांस्कृतिक क्रियाकलापको नेतृत्व पुरूषमै केन्द्रित छ अर्थात ती क्षेत्रमा शक्तिको अभ्यास र अख्तियारीमा पुरूषकै हातमा छ । थारु महिलाको शक्ति, स्रोत र अधिकारलाई सदैव अस्वीकार गरिन्छ।

थारूका हकहित स्थापित गराउन सक्रिय रहेका थारू संघसंस्था, जस्तै, थारू कल्याणकारिणी सभा, थरूहट थारूवान राष्टिय मोर्चा लगायतका संस्थाहरूमा पनि थारू महिलाको समान सहभागितालाई अनिवार्य ठानिदैन । यी संस्थाहरूका कार्यकारिणी पद वा जिल्ला शाखाको नेतृत्व गर्ने अवसर आजसम्म कुनै पनि थारू महिलाले पाएका छैनन् । जबकी जातीय जनसंख्याको आधारमा समानुपातिक प्रतिनिधित्वको सवाल यी संस्थाहरूको एक प्रमुख मुद्दा हो ।

> **थारु महिला जातीवादको चरम उत्पीडनमा पनि छन् ।**

माथिको चर्चाले थारु समाजमा रहेको बिगत लामो समयदेखि नै ज्ञान, शक्ति र स्रोतमाथि महिलाको पहुँच कमजोर रहेको देखाउँछ । यसले लैङ्गिक विभेदमा आधारित समाज निर्माणमा सघाउ पुऱ्याएको देखिन्छ । महिला र पुरूषबीचको असमान सम्बन्ध वा पुरूष प्रभुत्व र अधीनता महिला रहनु पर्ने बाध्यात्मक परिस्थितिले थारु समाजलाई पनि गाँजिरहेको छ । त्यसैले थारु महिलाको थारु समाजभित्रकै सार्वजनिक क्षेत्रमा हुने बहिष्करणविरूद्ध संघर्षरत छन् ।

### थारु समाज बाहिरको बहिष्करण

आफ्नै समाजभित्रै विभेद र बहिस्करण भोगिरहेका थारु महिला बाहिरी समाजबाट थप विभेदमा पारिएका छन् । 'महिला र थारु महिला' भएका कारण उनीहरूले दोहोरो समस्या

## Exclusion outside Tharu society

Already excluded within their own communities, Tharu women face additional discrimination from wider society. So, they are doubly oppressed – first for being women and then for being Tharu women. They face further discrimination based on language and culture all the while being excluded from politics.

As Tharu women are excluded from community government in their own society, their representation in wider political life is very poor – so much so that their representation is not even discussed in the wider political sphere. Tharu women have not reached the decision-making levels of any political party so far. The seats reserved for women mainly go to the so-called higher caste hill women. Not a single Tharu woman has been elected as the leader of a local government in any of the 753 local levels. Political parties also hesitate to put forward Tharu women as election candidates, while only standing a negligible number of Tharu women for the majoritarian elections for provincial governments. Only one woman – Bhagwati Chaudhari – received a ticket for candidacy to a provincial assembly – and she lost the election. All those Tharu women who are either federal or provincial parliamentarians, are elected from the proportional representative system. Therefore, instead of working for the benefit of one's community, most of them are now busy working for the party and eulogizing the party leadership in order to stand in future elections.

Similarly, Tharu women are not included in the federal government. To date, no Tharu woman has been appointed as a cabinet minister. All of this demonstrates how much Tharu women remain politically excluded. There is some representation of Tharu women because of constitutional and legal provisions for proportional representation. The representation of Tharu women is higher at local levels. However, they are limited to deputy chiefs and executive members. This shows that they have not yet risen to the status of chief decision-makers. Therefore, not until they are represented in decision making roles, will the concerns of Tharu women be properly addressed.

Although Tharu is the fourth largest caste in Nepal, their representation is extremely low in proportion to their population. And while the Constitution has adopted the principle of inclusion, exclusionary practices endure. Proportional representation should be ensured, at least in areas where policies addressing the issues and concerns of Tharu women are made and implemented. Only then will their political access to political power improve.

When it comes to political representation, questions about Tharu women's level of political engagement is not unusual. Yet, they have not been completely

> **"Already excluded within their own communities, Tharu women face additional discrimination from wider society."**





भोगिरहेका छन् । यति मात्रै होइन, थारु महिला भाषिक, सांस्कृतिक विभेदमा पनि पारिएका छन् भने राजनीतिक क्षेत्रमा पनि उनीहरु बहिस्कृत छन् ।

थारु समाजभित्रको राजनीतिक सत्तामा त थारु महिला बहिस्कृत छन् भने बाहिरी राजनीतिमा उनीहरूको प्रतिनिधित्वको अवस्था अत्यन्तै कमजोर छ । यतिसम्म कि थारु महिलाको प्रतिनिधित्वबारे कनै राजनीनिक पार्टी वा सार्वजनिक क्षेत्रमा छलफल समेत हुँदैन । अहिलेसम्म थारु महिला कुनै पनि राजनीतिक पार्टीको निर्णायक तहमा पुगेका छैनन् । महिलाको सिटमा मूलतः कथित उच्च जातीय पहाडका महिलाले अवसर पाउँछन् । बिडम्बनाको कुरा ७५३ स्थानीय सरकारमध्ये एउटा पनि स्थानीय सरकारको प्रमुखका रूपमा थारु महिला निर्वाचित हुन सकेनन् । राजनीतिक दलहरु थारु महिलालाई उमेद्वार बनाउन समेत हिच्किचाउँछन् । प्रदेशसभाको पहिलो हुने निर्वाचित हुने प्रणालीमा राजनीतिक पार्टीले थारु महिलालाई नगन्य मात्रामा उम्मेद्वार बनाए । संघीय प्रतिनिधिसभामा जम्मा एकजना भगवती चौधरीले टिकट पाइन् । तर, उनी पराजित भइन् । संघ र प्रदेशमा सांसद रहेका जति पनि थारू महिला छन्, ती सबै समानुपातिकबाट आएका हुन् । यो प्रक्रियाबाट सांसद बनेका अधिकांश थारू महिला मुलतः आफ्नो समुदायको हितमा भन्दा पार्टीको हित र पार्टी नेतृत्वको गुणगान गाउनमा आफ्नो क्षमता खर्चिने गर्दछन् ।

यसैगरी सरकारमा पनि थारु महिलालाई सहभागी गराईंदैन । आजसम्म एकजना पनि थारु महिलालाई क्याबिनेट मन्त्रीको भूमिका दिइएको छैन । यसले थारु महिला राजनीनिकरूपमा कति बहिस्कृत छन् भन्ने यथार्थ प्रस्तुत गर्दछ । संवैधानिक र कानुनी व्यवस्थाका कारण थारु महिलाको समानुपातिक प्रणालीबाट केही मात्रामा प्रतिनिधित्व भएको छ । स्थानीय सरकारमा थारु महिलाको थोरै प्रतिनिधित्व छ । उनीहरूले स्थानीय सरकारमा प्राप्त गरेको जिम्मेवारी पनि उप-प्रमुख र कार्यपालिका सदस्यको हो ।

यसले थारु महिलाले कुनै पनि निर्णायक तहको प्रमुखको जिम्मेवारी पाएको देखिँदैन । जबसम्म निर्णाक भूमिकामा थारु महिलाको प्रतिनिधित्व हुँदैन, तबसम्म उनीहरूका सरोकार ठीक ढङ्गले सम्बोधन हुन सक्दैन

थारु नेपालको चौथो ठूलो जाति भएता पनि उनीहरूको राजनीतिक प्रतिनिधित्व जनसंख्याको अनुपातमा अत्यन्तै न्यून मात्रामा छ । संवैधानिकरूपमा समानुपातिक समावेशी सिद्धान्तलाई आत्मसात गरिएको छ, तर व्यवहारमा भने बहिस्करणै निरन्तरता छ । कम्तीमा थारु महिलाका मुद्दा र सरोकारलाई सम्बोधन गर्न नीति निर्माण गर्ने र कार्यान्वयन गर्ने थलोमा जनसंख्याको अनुपातको प्रतिनिधित्व हुनुपर्छ । यसले मात्रै उनीहरूको राजनीतिक शक्तिको पहुँच बृद्धि हुन्छ।

राजनीतिक प्रतिनिधित्व हुनका लागि थारु महिलाको राजनीतिक सक्रियतामाथि प्रश्न उठ्नु अस्वभाविक होइन । तर, थारु महिला राजनीतिबट बिलकुल अलग भने छैनन् । उनीहरु विभिन्न कालखण्डमा भएका राजनीतिक आन्दोलन होस् वा थारु मुक्ति आन्दोलन सबैजसो आन्दोलनमा थारु महिलाको व्यापक सहभागिता रहँदै आएको छ । यति मात्रै होइन, थारु महिलाले निरन्तररूपमा २०५२ मा जनयुद्धको सुरूवातसंगै सामन्ती जमिन्दारी प्रथा, २०५७ मा कमैया र २०६३ मा कम्लरही प्रथा विरूद्ध संघर्ष गरे । राजनीतिकरूपमा सामन्ती राजतन्त्रको अन्त्य होस् वा एकल पहिचानमा आधारित राज्यसत्ताविरूद्ध पनि २०६४ र २०७२ को थरूहट थारूवान आन्दोलनमा थारू महिलाको उल्लेखनिय योगदान रहेको इतिहास छ ।

> **"आफ्नै समाजभित्रै विभेद र बहिस्करण भोगिरहेका थारु महिला बाहिरी समाजबाट थप विभेदमा पारिएका छन् ।"**

divorced from political life. Indeed, Tharu women have been widely active in almost all movements – whether they be the democratic movements at various times or the movement for Tharu liberation. Not only that, they have continually protested against practices such as feudal land tenure prevalent since the start of the (Maoist) People's War in 1996. They have also fought against the practice of Kamaiya in 2000 and the practice of Kamlahri in 2006 - both examples of bonded labor. Whether for the end of feudal monarchy or against a state founded on a single ethnic identity, Tharu women's contribution to the Tharuhat Tharuwan movements in 2007 and 2015 should be viewed as exemplary. Therefore, the narrative that Tharu women lack political capacity is in itself a 'discriminatory' point of view.

While Tharu women have participated in movements for socio-political change, they have, ironically, never had access to the achievements of those movements. They have been denied leadership positions, even at organizations working on Tharu rights. Therefore, they have been deprived of the spaces to exercise political power within their own communities and wider society. These conditions present challenges for equal representation and gender equality of Tharu women.

Constitutionally, the representation of women is guaranteed at 33 percent in every government body. However, this provision does not ensure that women from different communities are represented proportionally. In a society founded on a caste system, quotas must be designated, even within women's representation, based on intersectionality. Similarly, attention should be paid to intersectionality also within the quotas for women in political parties as only then will it be possible to achieve equal participation of Tharu women. Certainly, this will help bring about a change in attitudes and behaviors towards Tharu women.

Even the media does not provide space to issues faced by Tharu women. Their experiences and the discrimination they face are not made public. Tharu women widely participated in the (Maoist) People's War as well as in the Tharuhat-Tharuwan liberation movement. Those movements were centered on socio-political change, women's liberation and Tharu rights. However, agitation by Tharu women seems to be ignored even by the mainstream women's movement with the media seemingly uninterested in telling the story of their struggle. Instead, in a male dominated society, only men's history gets validated. Therefore, the struggles of Tharu women are neither recorded by history nor included in feminist literature.

The lack of strong political representation of Tharu women has resulted in a lack of justice for atrocities committed during the (Maoist) People's War, and during the feudal system of governance in place before the War. The oppression of the Tharu community by feudal landlords included alleged incidents of rape of Tharu women



यसका साथै उनीहरु पितृसत्ताविरूद्धक लैङ्गिक समानताको आन्दोलनमा पनि सरिक छन् । यसरी थारु महिला राजनीतिकरूपमा असक्षम छन् भन्ने भाष्य आफैंमा विभेदकारी छ ।

तर बिडम्बना, थारु महिला सामाजिक-राजनीतिक परिवर्तनको आन्दोलनमा निरन्तर संलग्न भए पनि आन्दोलनबाट प्राप्त उपलब्धीमा थारु महिलाको पहुँच पुग्न सकेको छैन । थारुको अधिकारका क्षेत्रमा क्रियाशील संस्थाको नेतृत्वदायी भूमिका थारु महिलालाई दिइएको छैन । त्यसैले उनीहरु आन्तरिक र बाह्य दुवै राजनीतिक शक्ति अभ्यास गर्ने ठाउँमा बञ्चितीकरणको अवस्थामा छन् । यस्तो अभ्यासले थारु महिलाको समान प्रतिनिधित्व र लैङ्गिक समानता हासिल गर्न चुनौती दिइरहेको छ ।

संवैधानिकरूपमा राज्यका हरेक निकायमा ३३ प्रतिशत महिलाको प्रतिनिधित्व सुनिश्चित गरिएको छ । तर, महिलाभित्रका पनि विभिन्न समुदायका महिलाका प्रतिनिधित्वलाई भने यी व्यवस्थाले सुनिश्चित गरेका छैनन् । जातव्यवस्थाका आधारित समाजमा महिलाभित्र पनि अन्तर्सम्बद्धताका आधारमा अनिवार्यरूपमा आरक्षण छुट्याइनु पर्छ । त्यसैगरी राजनीतिक पार्टीभित्र महिलाका लागि छुट्याइएको कोटामा पनि अन्तर्सम्बद्धतालाई अनिवार्यरूपमा ध्यान दिइनुपर्छ । यसो गरिएको खण्डमा महिलाभित्र थारु महिलाको समान सहभागिता सुनिश्चित हुनसक्छ । यसले थारु महिलामाथिको दृष्टिकोण र व्यवहार परिवर्तन ल्याउन सहयोग गर्न सक्छ ।

आमसञ्चार माध्यममा पनि उनीहरुका मुद्दाले खासै स्थान पाउँदैनन् । थारु महिलाका भोगाई र उनीहरुमाथिका विभेद खासै बाहिर आउँदैनन् । विशेषगरी माओवादी जनयुद्ध र थरूहट थारुवान मुक्ति आन्दोलनमा थारु महिलाको व्यापक सहभागिता थियो । ती आन्दोलन सामाजिक-राजनीतिक रूपान्तरण, महिला मुक्ति र थारु अधिकारमा केन्द्रित थियो । तर, थारु महिलाले गरेको आन्दोलनलाई मूलधारको महिला आन्दोलनले समेत बुझ्ने कोशिश गरेको देखिँदैन । उनीहरुका संघर्षका कथालाई सार्वजनिक गर्न आमसञ्चार माध्यमले पनि खासै चासो दिने गरेका छैनन् । बरू, पुरूषप्रधान समाजमा पुरूषको इतिहासले मात्रै वैधता पाउँछ । त्यसैले थारु महिलाका संघर्ष न त इतिहासमा लेखिएको छ न त महिलावादी साहित्यमा नै समावेश हुने गरेका छन् ।

थारु महिलाको बलियो राजनीतिक प्रतिनिधित्व नभएको कारण आफूमाथि जनयुद्धका दौरानमा भएका युद्ध अपराध तथा जनयुद्ध पहिले नै गरिएका दमनका लागि उनीहरूले न्याय पाएका छैनन् । थारु समुदायबिरूद्ध सामन्ती जमिन्दारहरूले गरेका अपराधमध्ये थुप्रै बलात्कारहरू पनि छन् । तर त्यस्ता जमिन्दारहरू जनयुद्ध हुँदै गर्दा सहरतिर भागिसकेका थिए । त्यस्ता धेरै अपराधीहरूलाई न्यायको कठघरामा ल्याउन नसकिएको कारण, थारु महिलाहरूको दु:ख र वेदना झनै लम्बिएको छ ।

राजनीतिक शक्तिको आडमा थारु महिलामाथि निरन्तर भौतिक, सामाजिक, सांस्कृतिक, मानसिक दमन हुँदै आएको छ । यसको पछिल्लो उदाहरण हो, वि.सं. २०७२ को टीकापुरको घटना । टिकापुरमा भएको हिंसात्मक घटनापछि थारु महिलामाथि चरम दमन भएको थियो । राज्यका दमनसँगै सुरक्षाको खोजीमा अधिकांश थारु पुरूष भारततिर लागे । घरमा केटाकेटी र महिला मात्र रहेका बेला प्रहरी बन्दुकसहित थारु बस्तीमा पसेर महिलामाथि निर्मम ज्यादती गऱ्यो । तर, यी मुद्दा राष्ट्रिय सरोकारको विषय

and many of those who committed crimes against Tharu women fled to the cities at the onset of the People's War. Many of the perpetrators have never been brought to justice, prolonging the suffering of Tharu women.

Tharu women have been continually oppressed – physically, socially, culturally, mentally – with the full backing of the power of the state. The 2015 Tikapur massacre is the latest example of this. After the violent events of Tikapur, Tharu women were heavily abused. For example, to avoid further state repression, in search of safety, a majority of men fled to India. As a result, the police entered these villages with only women and children present and carried out vicious atrocities. Yet, these issues never became subjects of national concern. Although there are countless stories of such atrocities, Tharu women have not been able to receive justice.

However, the terror visited upon Tharu women by the state is never a subject of public discourse. Women's rights and Human rights organizations remain silent. These issues seem neither to interest nor concern them. Such problems are the result of a patriarchal and caste based state and social structures. Therefore, neither women's liberation, nor a democratic society is possible without a struggle against these oppressive structures. Therefore, the state should provide reparations to Tharu women in order to end their historical discrimination and exclusion and their meaningful participation in political life ensured so that Tharu women can be liberated once and for all.





बन्न सकेन । यस्ता दमनका अनगिन्ती कथा छन् तर थारु महिलाले न्यायको अनुभूति गर्न पाइरहेका छैनन् ।

थारु महिलामाथि भएका राज्य आतंकका विषय सार्वजनिक बहसको विषय बन्दैनन् । महिला अधिकारवादी र मानवअधिकार संस्था मौन छन् । उनीहरूलाई यी मुद्दा कुनै चासो र सरोकारको मुद्दा बन्न सकेको छैन । यी सवाल पितृसत्तात्मक र जातिवादी राज्य र सामाजिक संरचनाका उपज हुन् । त्यसैले यस्तो विभेदकारी संरचनाविरूद्धको संघर्षबिना न त महिला मुक्ति सम्भव छ न त लोकतान्त्रिक समाजको निर्माण नै सम्भव छ । त्यसैले ऐतिहासिक रूपमा थारु महिलामाथि हुँदै आएको विभेद र बहिष्करणको अन्त्यका लागि राज्यले थारु महिलालाई क्षतिपुर्ति दिनुपर्छ । यसका साथै थारु महिलाको मुक्तिका लागि राजनीतिकरूपमा उनीहरूको अर्थपूर्ण सहभागीता सुनिश्चित गरिनुपर्छ ।

# The Representation of Madhesi Dalit Women in Political Parties

■ Bhola Paswan

## Preface

Social inclusion is essential whenever drawing up a roadmap for national development. Therefore, governments and political parties must begin to adopt policies and solutions that guarantee equal opportunities by ensuring the inclusion of previously deprived groups (Tiwari, 2070:69). While Nepal's political parties, on paper at least, advocate for the proportional representation and rights of Dalit communities, the truth remains that, in practice, Dalits are perpetually denied opportunities and access to state resources. Instead, inclusion should be practiced at every level of society as well as being manifested, at every level, in the activities of every public and private organization in the state. To achieve this, inclusion must be practiced extensively within political parties (ibid.)

Political parties mention special provisions for the representation of Dalit, women, Madhesi, Muslim, Tharu, etc. in their political statutes. Indeed, an inspection of these documents suggest that almost all of them prioritize the issue of proportional representation of Dalits on state bodies. Therefore, this article discusses the state of Dalit representation – especially the inclusion of Madhesi Dalit women – within the five different political parties.[1] The article conducts constitutional and legal analysis and also provides an assessment of the political parties' constitutions, policies and procedures. This article is focused on the issue of representation of Madhesi Dalit women in party central committees.

## Inclusion in Political Party Manifestos

Article 269 of the Constitution contains provisions for the formation, registration, and operation of political parties. For petitions to register a political party in line with clause 2, clause 4(c) of the Article mandates a provision for 'inclusive







# राजनीतिक दलमा मधेसी दलित महिलाको प्रतिनिधित्व

■ भोला पासवान

## पृष्ठभूमि

कुनै पनि देशको विकासको मार्गचित्र कोर्ने बेला समावेशीकरण जरूरी हुन्छ । त्यसैले बञ्चितीकरणमा पारिएका समूहको समावेशीकरण गरी समान अवसरको ग्यारेन्टी गर्ने यस्तो नीति र उपाय सरकारका साथै राजनीतिक दलले पनि अपनाउनु पर्छ (तिवारी २०७०:६९) । नेपालका पार्टीले संवैधानिक व्यवस्थअनुसार नीतिगत रूपमा दलित समुदायको समानुपातिक प्रतिनिधित्व र अधिकार वकालत गर्छन्, तर व्यवहारतः उनीहरूलाई राज्यको स्रोत साधनमाथि पहुँच र अवसरबाट निरन्तर पाखा पारिँदै आएको यर्थाथ हामी सामु छ । समावेशीकरणको अभ्यास समाजिक र राजनीतिक जीवनका हरेक तहमा पुग्नुपर्छ । साथै राज्यका सबै सार्वजनिक तथा निजी संस्थाका सबै तहका काम-कारबाहीमा समावेशीकरण प्रतिबिम्बित हुनुपर्छ । यसका लागि राजनीतिक पार्टीमै बृहत् समावेशीकरणको अभ्यास गरिनुपर्छ (पूर्ववत्) ।

राजनीतिक दलहरूले पनि राजनीतिक दस्तावेजहरूमा दलित, महिला, मधेसी, मुश्लिम, थारु आदिको प्रतिनिधित्वका लागि विषेश व्यवस्था गर्ने उल्लेख गरेको पाइन्छ । दलहरूको दस्तावेजमा अध्ययन गर्दा सबैजसो दलले दलितलाई राज्यका हरेक निकायमा समानुपातिक सहभागिता गराइने सवाललाई प्राथमिकता दिएको देखिन्छ । यो आलेखमा पाँचओटा राजनीति दलको केन्द्रिय समितिमा दलित र दलितभित्र पनि मधेसी दलित महिलाको समावेशीकरणको अवस्थाबारे चर्चा गरिएको छ ।[१] यहाँ समावेशीकरणसम्बन्धी संवैधानिक, कानुनी र दलहरूको विधानका साथै नीति र कार्यविधिको पनि विश्लेषण गरिएको छ । यो लेख नेपालका राजनीतिक दलको केन्द्रिय समितिमा मधेसी दलित महिलाको प्रतिनिधित्वको सवालमा केन्द्रित छ ।

## राजनीतिक दलको घोषणापत्रमा समावेशीकरण

नेपालको संविधान, २०७२ को धारा २६९ मा राजनीतिक दलको गठन, दर्ता र सञ्चालनसम्बन्धी व्यवस्था छ । धारा २६९(४)को उपधारा (२) बमोजिम राजनीतिक दल दर्ताका लागि निवेदन दिँदा उपधारा ४(ग) अनुसार दलको कार्यकारिणी समितिमा

representation in executive committees in a way that reflects social diversity'. On the other hand, clear provisions for making political parties inclusive are not found in the Political Parties Act, 2002[2] (amended in 2010). This section discusses the kinds of provisions, regarding inclusion, that the executive committees of the five political parties have adopted in their respective party constitutions.

In its platform for the 2015 Constituent Assembly elections, the Nepali Congress (NC) declared that it will emphasize the creation of policies needed to end oppression, injustice and discrimination, as well as the implementation of legislation regarding inclusion. Similarly, it stated that it will adopt not only a policy for proportional representation of Dalits in the civil service, security agencies, financial sector and various organizations, commissions, committees, but also, as restitution, a reservation system with additional rights. Similarly, the Communist Party of Nepal – Unified Marxist Leninist (CPN-UML) made untouchability and caste discrimination social crimes punishable by law, stating it would institute constitutional provisions for progressive reservations to establish the rights of Dalit communities.

The CPN-Maoist Center (CPN-MC) included commitments to adopting policies that would grant special rights as restitution for historical discrimination and oppression and to implementing these policies in all spheres of public life. The Rastriya Prajatantra Party (RPP) declared that it would create special provisions including reservations for Dalits and Mahadalits in education, health, political representation and employment. The Janata Samajbadi Party (JSP) declared that it would create constitutional provisions for positive discrimination to guarantee proportional representation in the economy, education, health, employment as well as government for all marginalized and excluded communities, including Aadiwasi-Janajati, Madhesi, and Dalit.

## Inclusion in Party Constitutions

> "Social inclusion is essential whenever drawing up a roadmap for national development."

**NC:** Section 5 of the NC's Constitution[3], contains provisions regarding the formation of the central executive committee and other committees. Article 21(h) states there will be a total of six members – with five members, two women among them, who are elected from among the representatives of member Dalit general conventions who have been active for at least ten years; and one member who is nominated by the central committee chairperson from among the representatives of member Dalit general convention.

**NCP-UML:** Article 14 of the NCP-UML Constitution, 1992 (amended 2014) has provisions for central committee formation.[4] Article 66 has provisions for election procedures and inclusion. Article 66 (3) states that committee members





सामाजिक विविधता प्रतिबिम्बित हुने गरी समावेशी प्रतिनिधित्व हुनुपर्छ । यसैगरी राजनीतिक दलसम्बन्धी ऐन, २०५८[२] (संशोधित २०६६)मा दललाई समावेशीकरण बनाउने सवालमा स्पष्ट व्यवस्था भएको देखिँदैन । यहाँ नेपालका पाँच राजनीतिक दलको कार्यसमितिमा समावेशीकरणबारे विधानतः कस्तो प्रावधान समेटिएको छ भन्ने विषयमा चर्चा गरिएको छ ।

नेपाली कांग्रेसले वि.सं. २०७२ मा सम्पन्न दोस्रो संविधानसभाको निर्वाचन घोषणापत्रमा युगौंदेखिको उत्पीडन, अन्याय र विभेद अन्त्यका लागि आवश्यक नीति निमार्णसहित समावेशीकरण कानुनको कार्यान्वयनमा विशेष जोड दिइने उल्लेख गरेको थियो । यसैगरी दलितलाई निजामती प्रशासन, सुरक्षा निकाय, वित्तीय क्षेत्र, संस्थान, आयोग, समिति आदि निकायमा समानुपातिकका अतिरिक्त क्षतिपूर्तिबापत् थप अधिकारसहित आरक्षणको नीति लिइने उल्लेख गरेको थियो । यसैगरी नेकपा (एमाले)ले छुवाछूत र जातीय विभेदलाई समाजिक अपराधको रूपमा दण्डनीय बनाउँदै दलित समुदायको अधिकार स्थापनाका लागि संविधानमा प्रगतिशील आरक्षणको व्यवस्था गरिने उल्लेख गरेको थियो ।

नेकपा (माओवादी-केन्द्र)ले दलितमाथि भएको ऐतिहासिक भेदभाव र उत्पीडनको क्षतिपूर्तिस्वरूप विशेषअधिकार दिने नीति लिने रसबै सार्वजनिक क्षेत्रमा कडाइपूर्वक कार्यान्वयन गर्ने कुरा घोषणापत्रमा समावेश गरेको थियो । राष्ट्रिय प्रजातन्त्र पार्टी, नेपालले दलित तथा महादलितका लागि शिक्षा, स्वास्थ्य, जनप्रतिनिधित्व र रोजगारीको क्षेत्रमा आरक्षणसहितको विशेष व्यवस्था गर्ने घोषणापत्रमा गरिने उल्लेख गरेको थियो । यसैगरी जनता समाजवादी पार्टीले घोषणापत्रमा आदीवासी-जनजाति, मधेसी, दलित लगायत सीमान्कृत एंव बहिष्करणमा पारिएका समुदायको लागि आर्थिक, शैक्षिक स्वास्थ्य, रोजगारीका साथै राज्यसत्तामा समानुपातिक प्रतिनिधित्वको प्रत्याभूति गर्न सरकारात्मक विभेदको संवैधानिक व्यवस्था गरिने उल्लेख गरेको थियो ।

## राजनीतिक दलको विधानमा समावेशीकरण

**नेपाली काग्रेस** : नेपाली काग्रेसको विधान, २०१७[३] को परिच्छेद ५ मा केन्द्रीय कार्यसमिति र अन्य समिति गठनसम्बन्धी व्यवस्था छ । विधानको धारा २१(ज)मा महाधिवेशनका लागि प्रतिनिधिले कम्तीमा दशवर्ष निरन्तर क्रियाशील दलित समुदायका सदस्य महाधिवेशन प्रतिनिधिमध्येबाट निर्वाचित गरेका कम्तिमा दुईजना महिला सहित पाँचजना सदस्य र दलित महाधिवेशन प्रतिनिधिमधयेबाट केन्द्रीय सभापतिबाट मनोनित एक समेत गरी छसदस्य रहने उल्लेख गरेको छ ।

> "कुनै पनि देशको विकासको मार्गचित्र कोर्ने बेला समावेशीकरण जरुरी हुन्छ ।"

**नेकपा एमाले** : नेकपा (एमाले) विधान २०४९ (संशोधित २०७१)को धारा-१४ मा केन्द्रीय कमिटी गठनको व्यवस्था छ ।[४] धारा-६६ मा निर्वाचन विधि र समावेशीकरणसम्बन्धी व्यवस्था गरिएको छ । विधानको धारा ६६(३)मा सबै तहका पार्टी कमिटी र महाधिवेशन प्रतिनिधिको छनौट आमरूपमा भूगोल, खुल्ला र समावेशी गरी तीन क्षेत्र तोकिने उल्लेख छ । यसैगरी धारा ६६(४)मा सबै तहका निर्वाचित पार्टी कमिटी स्थानीय विशेषताअनुरूप समावेशी चरित्रको हुने र तिनमा न्यूनतम ३३ प्रतिशत महिला सदस्य हुने उल्लेख छ । न्यूनतम योग्यता र मापदण्ड नपुगेको अवस्थामा भने महिला सदस्यको स्थान खाली नै रहने छ । त्यसैगरी सबै तहका पार्टी कमिटीमा दलित समुदायको समावेशी प्रतिनिधित्व हुनुपर्ने व्यवस्था विधानमा समावेश छ ।

at all levels, as well general convention representatives, are selected the basis of geography, open process and inclusion. Similarly, Article 66(4) states that party committees will be inclusive according to local characteristics and will include a minimum of 33 percent women. In the event that minimum qualifications and criteria are not met, women's seats will remain vacant. Provisions for the inclusive representation of Dalits in party committees at all levels are included in the constitution.

**JSP:** The JSP has made proportional representation a main agenda in its manifesto. The party's goals include an advanced federal governance system and socialism with a distinct Nepali identity. Yet, this vision of socialism does not include provisions for the inclusion of Dalits or for the political representation of Madhesi Dalit and women. While their manifesto states a commitment to a proportional election system, inclusivity, social security and welfare state and positions the party as inclusive, the party does not have clear policies on how it can ensure an inclusive party structure.

## Contradiction between Policy and Practice

Marginalized communities like Dalit, Madhesi, women, Muslims and others have played key roles in the success of Nepal's democratic movement, Maoist People's war, and 2006 People's movement. Dalit communities have contributed to politics since the 1950 revolution. However, the state of their representation in political parties shows a dominance of casteist attitudes with issues relating to political and social inclusion largely ignored by political parties. In fact, the state of inclusion seems to be the same in all major political parties even though they never fail to include issues of inclusion in their constitutions, manifestos, policies, programs, as well as in speeches.

**“While political parties seem to have accepted inclusion as a matter of policy, in reality, inclusion has not been effectively implemented.”**

**Representation of Madhesi Dalit Women in Nepal's Major Political Parties**

| | Party | Total | Women | Per-centage | Dalit | Per-centage | Dalit Women | Madhesi Dalit Women |
|---|---|---|---|---|---|---|---|---|
| 1 | NC | 117 | 20 | 17 | 5 | 4.3 | 2 | 0 |
| 2 | NCP-UML | 203 | 35 | 17 | 12 | 7 | 3 | 0 |
| 3 | NCP-MC | 220 | 25 | 11 | 8 | 4 | 0 | 0 |
| 4 | JSP | 728 | 81 | 11 | 34 | 5 | 3 | 3 |
| 5 | RPP | 715 | 120 | 17 | 21 | 3 | 6 | 2 |

**NC:** The representation of oppressed communities, including women, Madhesi, Muslim at the central level in NC is not proportional. In its 117-member central committee, only five Dalits are represented. Among those five central committee





**जनता समाजवादी पार्टी :** जसपाले घोषणापत्रमा समानुपातिक समावेशीकरणलाई एउटा मुख्य ऐजेन्डा बनाएको छ । समुन्नत संघीय शासन प्रणाली र नेपाली मौलिकतासहितको समाजवाद जसपालको लक्ष्यको रूपमा समेटिएको छ । तथापि, यस्तो समाजवादमा दलितको समावेशीकरण कसरी गरिन्छ ? मधेसी दलित र महिलाको राजनीतिक प्रतिनिधित्व कसरी सुनिश्चित हन्छ भन्ने स्पष्ट व्यवस्था गरिएको छैन । घोषणापत्रमा समानुपातिक निर्वाचन प्रणाली र समावेशीता, सामाजिक सुरक्षासहितको लोककल्याणकारी राज्यको पक्षमा पार्टी रहेको उल्लेख गरेर समावेशीकरणको पक्षमा उभिएको देखिए पनि व्यवहारिकरूपमा जसपाको पार्टी संरचनालाई समावेशी बनाउने विधि भने स्पष्ट खुलेको छैन ।

## नीति र अभ्यासबीचको अन्तरर्विरोध

नेपालको लोकतान्त्रिक आन्दोलन, माओवादी जनयुद्ध, २०६२/६३ जनआन्दोलनलाई सफल बनाउन दलित, मधेसी, महिला, मुस्लिम आदि सिमान्तीकृत समुदायको महत्वपूर्ण भूमिका रहेको छ । दलित समुदायले नेपाली राजनीतिमा वि.सं. २००७ को क्रान्तिदेखि नै दलितले योगदान गर्दै आएका छन् । तर, राजनीतिक दलमा दलितको प्रतिनिधित्व हेर्दा अहिले पनि पार्टीहरूमा मनुवादी सोंच हाबी भएको देखिन्छ । राजनीतिक र सामाजिक समावेशीकरणलाई राजनीतिक पार्टीहरूले नै बेवास्ता गरिरहेका अवस्था छ ।

नेपालका प्रमुख दलभित्र समावेशीकरणको अवस्था उस्तै-उस्तै देखिन्छ । पार्टीको विधान, घोषणापत्र, नीति र कार्यक्रमका साथै भाषणमा पनि राजनीतिक दलले समावेशीकरणको मुद्दा छुटाउँदैनन् ।

**नेपालका मुख्य राजनीतिक पार्टीको केन्द्रीय समितिमा मधेसी दलित महिलाको प्रतिनिधित्वको अवस्था**

| क्र.स. | पार्टी | कुल | महिला | प्रतिशत | दलित | प्रतिशत | दलित महिला | मधेसी दलित महिला |
|---|---|---|---|---|---|---|---|---|
| १ | नेपाली कांग्रेस | ११७ | २० | १७ | ५ | ४.३ | २ | ० |
| २ | नेकपा (एमाले) | २०३ | ३५ | १७ | १२ | ६ | ३ | ० |
| ३ | नेकपा (माओवादी-केन्द्र) | २२० | २५ | ११ | ८ | ४ | ० | ० |
| ४ | जनता समाजवादी पार्टी | ७२८ | ८१ | ११ | ३४ | ५ | ३ | ३ |
| ५ | राष्ट्रिय प्रजातन्त्र पार्टी | ७१५ | १२० | १७ | २१ | ३ | ६ | २ |

**“विधानत: राजनीतिक पार्टीहरूले समावेशीकरणलाई स्वीकार गरेका छन् तर व्यवहारमा यसको प्रभावकारी अभ्यास हुन सकेको छैन ।”**

**नेपाली कांग्रेस :** नेपाली कांग्रेसको केन्द्रिय तहमा महिला, मधेसी, मुस्लिम लगायत सबै उत्पीडित समुदायको प्रतिनिधित्व समानुपातिक छैन । नेपाली कांग्रेसको ११७ सदस्य केन्द्रीय समितिमा ५ जना दलितको प्रतिनिधित्व छ । ती ५ जना केन्द्रीय सदस्यमध्ये २ दलित महिला छन् तर ती दुवै पहाडी दलित महिला हुन् । कांग्रेस केन्द्रिय समितिमा विधानमा व्यवस्था भए अनुसार तोकिएको कोटाबाट मात्रै दलितको प्रतिनिधित्व भएको छ । तर, अन्य विधिबाट एकजना पनि दलितको प्रतिनिधित्व गराइएको छैन । नेपाली कांग्रेसको केन्द्रिय पदाधिकारीमा पनि दलित प्रतिनिधित्वको अवस्था उस्तै छ । २१ सदस्यीय कार्यसम्पादन समितिमा एकजना मीनबहादुर विश्वकर्माको मात्रै प्रतिनिधित्व छ ।

members, two are women from the hill regions. Dalit representation in the central committed is limited to only the quota designated in the party constitution. Not a single Dalit has gained representation via other ways. The state of Dalit representation among central office holders is the same. Only one – Min Bahadur Bishwokarma – is on the 21-member executive committee.

**CPN-UML:** The representation of Dalits is not proportional. Among 203 members, eight hill Dalits and two Madhesi Dalits make up the ten Dalit representatives on the central committee. Among those, six are alternative central committee members. Among the six alternative members, three are Dalit women, all of whom are from the hills with not a single Madhesi Dalit woman represented. On the permanent committee, one person (Chhabilal Bishwokarma) and two others (Rampreet Paswan on the politburo and Jagat Bishwokarma in the alternative politburo) make up Dalit representation. Among the 203-member central leadership, Khas-Arya make up the majority at 53 percent while Adivasi-Janajati are at 20 percent, Madhesi at 13 percent, Tharu at five percent and Muslims two percent. UML also does not seem to have been able to ensure the proportional representation of marginalized communities.

**CPN-MC:** The CPN-MC has the policy of granting special rights to Dalits as restitution for the historical discrimination and oppression faced. Their manifesto states that the policy will be implemented in all political, economic, cultural spheres. And, the party has declared the provision of special rights as restitution. Among the 220-member politburo, which has promised to grant Dalits special rights, only eight are Dalits – all from hill communities. Among politburo members, Khas-Arya make up the majority with 51 percent, while Adivasi-Janajati make up 27 percent, Madhesi 12 percent, Tharu, six percent, while Dalit make up only four percent.

**RPP:** Dalit's presence in the RPP's central committee is minimal. Among the 715-member central committee, Dalits have only three percent representation with six are Dalit women, including two Madhesi Dalit women.

**JSP:** Among the People's Socialist Party's 728-member central committee, 34 are Dalit. Among them, three are Madhesi Dalit women.

## Conclusion

While political parties seem to have accepted inclusion as a matter of policy, in reality, inclusion has not been effectively implemented. Dalits are the most politically marginalized group with Madhesi Dalits especially so. Madhesi Dalit





**नेकपा (एमाले) :** नेकपा (एमाले)मा पनि दलितको प्रतिनिधित्व समानुपातिक छैन । एमाले २०३ सदस्यमध्ये केन्द्रीय समितिमा ८ जना पहाडी र २ जना मधेसी दलित गरी १० जनाको प्रतिनिधित्व रहेको छ । ती १० जनामध्ये ६ जना दलित बैकल्पीक केन्द्रीय सदस्य हुन् । बैकल्पिक केन्द्रिय सदस्यमध्ये ३ जना दलित महिला छन्, तीमध्ये सबैजना पहाडी दलित महिला हुन् भने केन्द्रिय समितिमा एकजना पनि मधेसी दलित महिलाको प्रतिनिधित्व छैन । त्यस्तै एमालेको स्थायी समितिमा एकजना छविलाल विश्वकर्मा र पोलिटब्यूरोमा रामप्रित पासवान र बैकल्पीक पोलिटब्यूरोमा जगत विश्वकर्मा गरी दुई जनाको प्रतिनिधित्व रहेको छ । एमालेको कुल २०३ सदस्य केन्द्रीय नेतृत्वमध्ये सबैभन्दा धेरै खसआर्यको ५३ प्रतिशत, आदीवासी जनजातिको २० प्रतिशत, मधेसीको १३ प्रतिशत, थारूको ५प्रतिशत र मुश्लिमको २ प्रतिनिधित्व रहेको छ । एमालेमा पनि सिमान्तकृत समुदायको समानुपातिक प्रतिनिधित्व गराउन सकेको देखिदैन ।

**नेकपा (माओवादी-केन्द्र) :** नेकपा माओवादी केन्द्रले दलितमाथि भएको ऐतिहासिक भेदभाव र उत्पीडनको क्षतिपूर्ति स्वरूप उनीहरूलाई थप अधिकारको रूपमा विशेषअधिकार दिने नीति लिएको छ । यो नीति राजनीतिक, आर्थिक, सांस्कृतिक सबै क्षेत्रमा कडाइपूर्वक कार्यान्वयन गरिने व्यवस्था घोषणापत्रमा उल्लेख गरेको छ । साथै माओवादी केन्द्रले दलितका लागि क्षतिपूर्तिसहितको विशेषाधिकारको व्यवस्था गर्ने उल्लेख गरेको छ । दलितलाई विशेषाअधिकार दिने उद्घोष गर्ने माओवादी केन्द्रको २२० सदस्य पोलिटब्यूरो सदस्यमध्ये दलित समुदायका ८ जना पोलिटब्यूरो सदस्य छन्, उनीहरु सबै पहाडी दलित समुदायका हुन् । माओवादीको पोलिब्यूरो सदस्यमध्ये सबैभन्दा धेरै खसआर्य ५१ प्रतिशत, आदीवासी जनजातिको २७ प्रतिशत, मधेसीको १२ प्रतिशत, थारूको ६ प्रतिशत र दलित ४ प्रतिशत मात्रै प्रतिनिधित्व रहेको छ ।

**राष्ट्रिय प्रजातन्त्र पार्टी :** राप्रपामा पनि केन्द्रिय समितिमा दलितको उपस्थिति न्यून छ । ७१५ जनाको केन्द्रीय समितिमा ३ प्रतिशत मात्रै दलितको प्रतिनिधित्व छ । राप्रप्राको केन्द्रीय सदस्यमध्ये ६ जना दलित महिलाको प्रतिनिधित्व रहेको छ जसमध्ये २ जना मधेसी दलित छन् ।

**जनता समाजवादी पार्टी :** जनता समाजवादी पार्टीको जम्मा ७२८ सदस्यीय केन्द्रीय समितिमा ३४ जना दलितका छन् । ती सदस्यमध्ये ३ जना मधेसी दलित महिला छन् ।

## निष्कर्ष

विधानतः राजनीतिक पार्टीहरूले समावेशीकरणलाई स्वीकार गरेका छन् तर व्यवहारमा यसको प्रभावकारी अभ्यास हुन सकेको छैन । दलित राजनीतिक रूपले सबैभन्दा बढी पाखा पारिएका समुदाय हुन्, त्यसभित्र पनि मधेसी दलित थप बहिस्करणमा पारिएका छन् । झन मधेसी दलित महिला सबैभन्दा उत्पीडन र बहिस्करणमा पारिएका छन् । उनीहरूलाई देशका सबैजसो पार्टीले बहिस्करण गर्दै आएका छन् । यसले के सङ्केत गर्छ भने समावेशीकरण र दलित ऐजेण्डा बोकेकै पार्टीहरु पनि समानुपातिक समावेशी प्रतिनिधित्वका सवालमा खुल्ला हुन सकेका छैनन् । परम्परागत सत्ता संरचनाका कारण पार्टीहरु मधेसी दलित महिलालाई नेतृत्वमा ल्याउन अझै तयार भइसकेका छैनन् ।

women are even more discriminated against and excluded with most political parties continually excluding them. What this points to is that even political parties that claim commitments to inclusion and the 'Dalit agenda' have not been able to be completely open in terms of introducing proportionally inclusive representation. As a result of traditional governance structures, political parties have not been able to encourage Madhesi Dalit women to become political leaders.

While the Nepal Constitution guarantees a 33 percent representation of women, all political parties still neglect women. Among the five parties discussed in this article, not a single one has over 20 percent representation of women, which is in contravention with the constitution. Among women, Madhesi Dalit women face the most exclusion, and it seems that a long struggle still lies ahead.

Within most parties, Dalit representation hovers somewhere between one and seven percent. However, even though party leaders raise the issue of 'inclusion', they have not been able to implement inclusive systems within their own parties with the Bramhin-Chhetri remaining the dominant caste across all parties. As long as this state remains, Madhesi, Dalit and women will continue to ask difficult questions of the political parties in terms of their inclusion.

The last decade has seen great social and political upheaval in Nepal with the rise of political forces claiming to have new and alternative politics. .Yet, all political parties have failed to implement the doctrine of inclusion. This shows that all political parties need to responsibly engage in efforts to bring different marginalized communities like women, Dalit, Tharu, etc. into the political mainstream.

## Endnotes

1 The political parties included in this investigation are as follows: NC; NCP-UML; NCP-MC; JSP; and RPP.

2 The 2002 Act was amended by the Republic Strengthening and Some Nepal Laws Amendment Act, 2010.

3 The Constitution of NC amended and modified in 1992, 1995, 2003, 2005, and 2007.

4 The provisions for the make-up of central committee is as follows: a total of 14 office bearers to be elected at the national general convention, consisting of one chairperson, five vice-chairpersons, one secretary general, two deputy secretary generals, five secretaries; 159 general members 115 of whom are full members and 44 alternate members; one senior party leader; and central committee nominated members at numbers not to exceed ten percent of the total number of members elected at the national general convention.





संविधानले कम्तीमा ३३ प्रतिशत महिलाको प्रतिनिधित्व सुनिश्चित गरेको छ तर सबै पार्टीहरूले महिलालाई उपेक्षा गरेको छन् । यो लेखमा समावेश पाँच राजनीतिक दलमध्ये कुनै पनि पार्टीको नेतृत्वमा २० प्रतिशतभन्दा माथि महिलाको प्रतिनिधित्व छैन । जुन संविधानका वर्खिलाप पनि हो । महिलाभित्र पनि मधेसी दलित महिला सबैभन्दा बढी बहिस्करणमा पारिएका छन्, यस्तो परिपाटीविरूद्ध लामो लडाई लडनुपर्छ जस्तो देखिन्छ (तिवारी : १०४) ।

समग्रमा ती अधिकांश दलका केन्द्रिय समितिमा बढीमा एकदेखि सात प्रतिशतसम्म दलितको प्रतिनिधित्व रहेका छ । पार्टीका नेताले समावेशीकरणको मुद्दा उठाए पनि उनीहरु आफ्नै पार्टीमा यो व्यवस्था लागू गर्न सकिरहेका छैनन् । सबै प्रमुख दलको मुख्य नेतृत्वमा ब्राह्मण-क्षत्रीको हालीमुहाली छ । यस्तो अवस्था रहँदासम्म मधेसी, दलित, महिलाले पार्टीसमक्ष प्रश्न उठाइरहने छन् ।

गत एक दशकमा समाजिक र राजनीतिकरूपमा थुप्रै हलचल भए । राजनीतिमा पनि नयाँ दाबी गर्ने शक्ति बढिरहेका छन् । तर, सबै दलहरु समानुपातिक समावेशीकरको सिद्धान्त कार्यान्वन गर्न चुकेका छन् । यसले राजनीतिक दलहरु महिला, दलित, थारूजस्ता सिमान्तकृत समुदायलाई राजनीतिक मूलप्रवाहमा ल्याउन विशेष ढङ्गले जिम्मेवारीपूर्वक लाग्नु पर्ने देखाउँछ ।

## पाद टिप्पणी

१ यो अध्ययनमा समेटिएका राजनीतिक दलहरु निम्नानुसार रहेका छन् : नेपाली कांग्रेस, नेकपा (एमाले), नेकपा (माओवादी-केन्द्र), जनता समाजवादी पार्टी र राष्ट्रिय प्रजातन्त्र पार्टी ।

२ २०५८ सालको ऐन गणतन्त्र सुदृढीकरण तथा केही नेपाल कानुन संशोधन गर्ने ऐन, २०६६ संसोधन भएको थियो ।

३ २०५८ सालको ऐन गणतन्त्र सुदृढीकरण तथा केही नेपाल कानुन संशोधन गर्ने ऐन, २०६६ संसोधन भएको थियो ।

४ २०५८ सालको ऐन गणतन्त्र सुदृढीकरण तथा केही नेपाल कानुन संशोधन गर्ने ऐन, २०६६ संसोधन भएको थियो ।

# Positive discrimination in Nepal

■ Binita Nepali

## Background

There are different interpretations of what the term 'reservation' means. Therefore, this issue is being debated from a diverse range of perspectives. Although there is generally some discussion on reservation, there does not appear to have been adequate discussion given its need and relevance in society. There is not a uniformity of opinion regarding who are the appropriate target groups for reservation. Since the Constitution includes reservations for communities hitherto excluded alongside the Khas-Arya, it has raised the question if reservations are appropriate for every community. Some persons have been using this as the basis to argue that reservations should be extended to the poor, and not limit it to communities that have been socially oppressed. In other words, there is an opinion that reservations should be based on 'class' rather than just 'community'.

In theory, reservation is a community-focused social policy, which assists in addressing the situation of oppression in a particular society. Reservation provides social justice by politically and economically strengthening a community subjected to historical injustice. This policy is based on the principle of retrospection and progress. Retrospection means to analyze the injustices and atrocities experienced by various communities while progress means the state providing these communities with rights as compensation for exclusion and discrimination received. This principle is aimed at creating meaningful representation at all levels of the state, and at facilitating the lives of the communities by establishing equitable access to economic, political and social opportunities.

As a point of principle, a community should receive special opportunities corresponding to the reasons for which that community has been historically subjected to discrimination and exclusion. This means that those communities







# नेपालमा सकारात्मक विभेद

■ बिनिता नेपाली

## पृष्ठभूमि

आरक्षणबारे बुझाइमा विविधता छन् । त्यसैले यस विषयमा विविध कोणबाट बहस भइरहेको छ । समान्यतया आरक्षणबारे केही मात्रामा बहस हुने गरेको भए पनि यसको आवश्यकता र औचित्यका सन्दर्भमा पर्याप्त मात्रामा भन्ने पर्याप्त मात्रामा छलफल भएको देखिँदैन । आरक्षणको लक्षित समूह को हुन् भन्ने विषयमा भन्ने सवालमा धेरैमा मतऐक्यता छैन । नेपालको संविधानले बहिस्करणमा पारिएका समुदायदेखि खस-आर्यलाई समेत आरक्षणको व्यवस्था गरेका कारण आरक्षण सबैका लागि त होइन भन्ने प्रश्न उब्जाएको छ । यसैका आधारमा कतिपयले आरक्षण सामाजिकरूपमा उत्पीडित समुदायका लागि मात्रै नभएर गरिबलाई समेत दिइनुपर्छ भन्ने तर्क पनि गरिँदै आएको छ । अर्को अर्थमा आरक्षण समुदायका आधारमा नभइ वर्गीय हुनुपर्ने मत पनि उठ्ने गरेको छ । सिद्धान्ततः आरक्षण समुदाय केन्द्रित सामाजिक नीति हो, यसले खास समुदायको उत्पीडनको अवस्थालाई सम्बोधन गर्न सहयोग गर्छ । आरक्षणले ऐतिहासिकरूपमा अन्यायमा पारिएका समुदायको राजनीतिक र आर्थिक सवलीकरण गरी सामाजिक न्याय प्रदान गर्दै अन्य समुदाय सरह पुऱ्याउन सघाउँछ । वास्तवमा यो नीति पछाडि फर्कने र अगाडि बढ्ने सिद्धान्तमा आधारित छ । पछाडि फर्कनुको अर्थ बिगतका विभिन्न समुदायमाथि भएका अन्याय र अत्याचारको समीक्षा गर्नु हो भने अगाडि बढ्नु भन्नाले ऐतिहासिक बहिस्करण र विभेदको क्षतिपूर्तिस्वरूप राज्यले ती समुदायलाई अधिकार प्रदान गर्नु हो । यो सिद्धान्तले राज्यको सम्पूर्ण तहमा अर्थपूर्ण प्रतिनिधित्व गराउने, आर्थिक-सामाजिक र अवसरमा समान पहुँचको स्थापित गरी उनीहरूको जीवनलाई सहज बनाउनु हो ।

सैद्धान्तिकरूपमा जुन समुदायमाथि जुन कारणले विभेद र बहिस्करण गरिएको हो सोहीअनुरूप उक्त समुदायले विशेष अवसर पाउनुपर्छ । यसको अर्थ राज्यले नियोजितरूपमा बिगतमा जाति, भाषा, लिङ्ग, क्षेत्र, धर्म आदिका आधारमा विभेद गरेका कारण उनीहरू नै आरक्षणका लाभ प्राप्त गर्ने समुदाय हुन् । आरक्षण सबै समूहलाई समान अवसर प्रदान गर्ने नीति होइन, यो त विशेषगरी बिगतदेखि बहिष्करणमा पारिएका समुदायलाई सशक्तिकरण गरी राज्यको मूलधारमा ल्याउने एउटा प्रयास हो । तर, यहाँ बहिस्करणमा पारिएका समुदाय होइन, उत्पीडक जातीय समुदायले आरक्षण खोजेको देखिन्छ, यो आरक्षणको सिद्धान्तकै विपरित छ ।

are eligible, as beneficiaries of reservations, which had suffered systemic state discrimination on the basis of caste, ethnicity, language, gender, region, and religion, etc. However, reservation is not a 'blanket' policy to be afforded equally to all groups. Instead, it is an attempt to empower the communities which had historically been subjected to exclusion to bring them back into the mainstream of society and the state. However, in the present context, it appears that the oppressor caste group is seeking reservations rather than the excluded communities who require it the most. This situation appears to strongly contradict the whole purpose and principle of reservation.

There is an assertion that reservation should be awarded on the basis of 'class' rather than 'caste'. Although the notion that reservation should be implemented on the basis of poverty seems superficially attractive, it is nevertheless an attack on the very core of the idea of reservation itself. No country in the world has implemented reservation to alleviate poverty to date. This would seem to suggest that poverty-based reservation is not a tool for poverty alleviation. Seen from a purely class analysis, poverty is indeed the main problem in Nepal. The economically backward groups that have never experienced any level of social exclusion, and which have actually enjoyed full access to state services, may indeed be uplifted through poverty alleviation programs. However, this article asserts that the discrimination and oppression experienced by the Dalit community is the product of a specific nature of social exclusion, discrimination and oppression. Therefore, poverty alleviation alone cannot resolve the problems experienced by this community. Therefore, reservation is a suitable policy for Dalits. Therefore, to address the class issue, the state requires a separate set of policies and programs aimed at poverty alleviation – but not reservation. To demand reservation on the basis of class alone is arguably a new form of injustice toward the historically oppressed Dalit community. This is surely problematic from both a theoretical and a practical perspective.

> **Although there is generally some discussion on reservation, there does not appear to have been adequate discussion given its need and relevance in society.**

### Reservation in practice

Reservation has been implemented in countries, such as in India and South Africa. Reservation has been implemented in South Africa to end the discrimination between the whites and non-whites. Reservation was implemented in some parts of India from the times of the British Raj. The 1950 Indian Constitution, through Article 15 (4) and 16 (4), provides for a 22.5 percent reservation to 'Scheduled Castes' (i.e. the Dalit community) in government institutions and other areas of employment. The Dalit quota at all levels of the state was instituted on the basis of these articles. In 1990, a further reservation of 27 percent for 'Other Backward Classes' was created. Many studies have shown that this policy has played an effective role in creating justice for socially excluded and backward communities.





आरक्षण जातीय नभई वर्गीय आधारमा दिइनुपर्ने बहस चलेको छ । गरिबीका आधारमा आरक्षण लागू गर्नुपर्ने धारणा झट्ट सुन्दा राम्रै लागे पनि वास्तवमा यसले आरक्षणको मूल मर्ममै प्रहार गर्छ । गरिबी हटाउन संसारका कुनै पनि राष्ट्रमा आरक्षण प्रयोग भएको छैन । यसको आशय गरिबी आरक्षण गरिबी निवारणको कार्यक्रम होइन । वर्गीय दृष्टिकोणबाट हेर्दा गरिबी नेपालको मूल समस्या हो । नेपालको शासन सत्तामा पहुँच भएका र कुनै पनि किसिमको सामाजिक बहिष्करणमा नपरेका गरिब समूहलाई गरिबी निवारण कार्यक्रमबाट माथि उठाउन सकिन्छ । यो लेखको आशय के हो भने दलित समुदायले भोग्दै आएको विभेद र उत्पीडन विशिष्ट प्रकृत्तिको सामाजिक बहिस्करण, विभेद र उत्पीडनको परिणाम हो । त्यसैले दलितले भोगिरहेको समस्या गरिबी निवारणले मात्र सम्भव छैन । त्यसैले दलितका लागि आरक्षण एउटा उपयुक्त नीति हो । त्यसैले वर्गीय समस्या समाधानका लागि गरिबी निवारणसम्बन्धी राज्यको छुट्टै नीति र कार्यक्रम आवश्यक हुन्छ, आरक्षण होइन । त्यसैले वर्गीय आधारमा आरक्षण माग गर्नु ऐतिहासिकरूपमा उत्पीडित दलित समुदायप्रति अन्यायको नयाँ स्वरूप हो । यो सैद्धान्तिक र व्यावहारिक कुनै पनि दृष्टिले गलत हुन्छ ।

### आरक्षणको अभ्यास

संसारका धेरै देशमा आरक्षण लागू भएका छन्, जस्तै, भारत र दक्षिण अफ्रिका । दक्षिण अफ्रिका गोरा र अश्वेतबीचमा रहेको विभेदको अन्त्य गरी समानता स्थापित गर्न आरक्षण वा सकारात्मक उपाय लागू गरिएको छ । यसैगरी बेलायती शासनदेखिनै भारतका केही भागमा आरक्षण लागू गरिएको थियो । सन् १९५० मा निर्मित संविधानको धारा १५(४) र १६ (४)ले सरकारी संस्थानका साथै अन्य राजगारीका क्षेत्रमा अनुसूचीत जाति (दलित समुदाय)लाई २२.५ प्रतिशत आरक्षण दिने व्यवस्था गरेको छ । यसैका आधारमा सरकारी संरचनाका सबै तहमा दलितका लागि कोटा निर्धारण गरिएको हो । सन् १९९० मा पछाडि पारिएका वर्ग (अदर ब्याकवार्ड क्लास)लाई समेत २७ प्रतिशत आरक्षणको व्यवस्था गरिएको छ ।

आरक्षणले समाजमा पछाडि पारिएका समुदायको समानता र न्यायका लागि प्रभावकारी भूमिका खेलेको थुप्रै अनुसन्धानबाट देखिएको छ । यद्यपि, अहिले भारतीय विज्ञहरूले सरकारी संरचनामा दिइने आरक्षणले न्याय र समानता दिलाउन नसक्ने हुनाले निजी क्षेत्रमा समेत आरक्षण लागू गर्नुपर्ने आवाज सशक्तरूपमा उठाइरहेका छन् ।

> **समान्यतया आरक्षणबारे केही मात्रामा बहस हुने गरेको भए पनि यसको आवश्यकता र औचित्यका सन्दर्भमा पर्याप्त मात्रामा भन्ने पर्याप्त मात्रामा छलफल भएको देखिँदैन ।**

नेपालमा दलित समुदायले वि.स. २०२९ मा पहिलो पटक आरक्षणको माग गरेका थिए । यद्यपि, नेपालको अन्तरिम संविधान, २०६३ जारी भएपछि मात्रै पहिलो पटक संवैधानिकरूपमा आरक्षणको व्यवस्था भएको हो । यही संवैधानिक व्यवस्थाको जगमा वि.सं. २०६४ साउन २३ गते नेपाल सरकारले निजामती सेवा ऐन, २०४९ संशोधन गरी समावेशीकरणलाई आत्मसात गऱ्यो । यही नीतिका कारण महिला, आदिवासी जनजाति, मधेसी, दलित, अपाङ्गता भएका व्यक्ति र पिछडिएको क्षेत्रका मानिसलाई पहिलो पटक निजामती सेवामा आरक्षण दिलायो । यसका साथै प्रहरी,सेनालगायत अन्य सरकारी निकायमा पनि आरक्षणको व्यवस्था लागू गरिएको छ ।

लोक सेवामा पनि आरक्षण लागू गरिएको छ, यद्यपि, लोकसेवामा लागू गरिएको आरक्षण पूर्ण होइन । यो व्यवस्थानुसार एक सयजना कर्मचारी नियुक्त गर्दा ४५ प्रतिशतलाई मात्रै आरक्षण दिइन्छ भने बाँकी ५५ प्रतिशत खुला सिट छुट्याइन्छ । उक्त ४५ प्रतिशतलाई

However, Indian experts are now pointing to the inability of the reservation to establish justice and equity and are, therefore, advocating for reservations to be implemented in the private sector too.

Although the Dalit community first demanded reservation in 1973, it was only after the Interim Constitution in 2007 that reservation was constitutionally enshrined. On this basis, Government amended the 1993 Civil Service Act in August, 2007, adopting the principle of inclusivity. The policy formed the basis for providing reservation in the civil service for the first time to women, ethnicities, Madheshi, Dalit, persons with disabilities and those from backward regions. Reservation has also been implemented in the police, army and other government agencies.

There is reservation in the Public Service Commission (PSC) although not a full reservation. Under this system, out of 100 appointments, 45 percent of the seats are reserved, while the remaining 55 percent are fulfilled through open competition. The 45 percent is divided between various marginalized groups with the remaining 55 percent filled by the 'upper castes'. Therefore, mostly the Khas-Arya community has continued to dominate the institutions of governance. Although a few Dalits have entered the PSC since the institution of the reservation, their representation is limited to four percent. On the other hand, the Khas-Arya community comprise nearly 90 percent of the government staff, and the same group is predominant in other state institutions. Therefore, to in some way insist in this context that the Khas-Arya are also poor and, therefore, reservation should be implemented on the basis of poverty does not seem just. The assertion ignores the historical exclusion to which various communities have been subjected.

## Reservation: Reality and Misconception

The falsehood that persons appointed under reservation are incapable or weak has been spreading. Therefore, it is necessary to be clear about this misconception. Candidates who enter the PSC through reservation may gain entry even if they receive lower marks in the selection process. However, under the reservation, the competition is only between candidates in the particular category. They gain entry only if they secure more than the minimum marks. If nobody meets the minimum threshold, the quota becomes defunct. This makes it clear that weak candidates cannot receive entry into the PSC as they are always selected from among the qualified. In any case, there is no factual basis to the claim that staff selected through reservation are incapable. Since reservation has been implemented only recently, it is not yet time to assess whether they are capable or not. In fact, some studies have shown that an ethnic and cultural diversity among staff results in better service delivery. In a country like Nepal, which has great ethnic, linguistic,

> **"The falsehood that persons appointed under reservation are incapable or weak has been spreading."**





एकसय प्रतिशत मानेर सिमान्तीकृत समुदायलाई छुट्याइन्छ । तर, बाँकी ५५ प्रतिशत खुला सिटमा भने कथित उच्च जातिकै हालिमुहाली हुँदै आइरहेको छ । त्यसैले देशको शासनसत्ता, कर्मचारी, सेना, प्रहरी, शिक्षा, स्वास्थ्यलगायत सबै ठाउँमा मूलतः खसआर्य समुदायको मात्रै वर्चश्व रहँदै आएको छ । आरक्षण लागू भएपछि लोकसेवाबाट केही दलित समुदाय निजामती कर्मचारीका रूपमा प्रवेश गरेको भए पनि दलितको प्रतिनिधित्व करिब ४ प्रतिशत मात्रै छ । अर्कोतिर सरकारी कर्मचारीमा करिब ९० प्रतिशत खसआर्य समुदायकाकै वर्चश्व छ भने राज्यका अन्य निकायमा पनि यही समुदायकै हालीमुहाली छ । यस्तो सन्दर्भमा खसआर्य पनि गरिब छन् र गरिबीका आधारमा आरक्षण लागू गर्नुपर्छ भन्ने तर्क कतैबाट पनि न्यायसङ्गत देखिँदैन । यो तर्क नेपालको विविध समुदायमाथि ऐतिहासिकरूपमा हुँदै आएको बहिष्करण तथ्यलाई अस्वीकार गर्छ ।

## आरक्षण भ्रम र यथार्थता

आरक्षणबाट नियुक्ति पाएका व्यक्तिहरू अक्षम वा कमजोर हुन्छन् भन्ने भ्रम फैलने क्रमले पनि तीब्रता पाएको छ । यस्तो भ्रमबारे स्पष्ट हुन जरूरी छ । आरक्षण कोटाबाट जाने उम्मेद्वारले लोकसेवाको छनोट प्रक्रियाबाट तुलनात्मकरूपमा केही कम अंक ल्याए पनि सेवामा प्रवेश पाउने व्यवस्था छ । तर, आरक्षण कोटामा सम्बन्धित समूहबीच मात्र प्रतिस्पर्धा हुन्छ, न्यूनतम अंक प्राप्त गरेपछि मात्रै उनीहरूले सेवामा प्रवेश पाउँछन् । न्यूनतम अंक प्राप्त नगरेको खण्डमा ती कोटा नै खारेज हुन्छन् । यसबाट के प्रस्ट हुन्छ भने अक्षम वा कमजोर उम्मेदवारले सेवामा प्रवेश पाउनै सक्दैनन् । त्यसैले उनीहरू सक्षममध्येबाटै छनौट हुने हुन् । त्यसो त आरक्षण प्रणालीबाट छनौट गरिएका कर्मचारी अक्षम छन् भन्ने दाबीमा कुनै आधार र तथ्य छैन । आरक्षण लागू भएको केही वर्ष मात्र भएकाले सक्षम र अक्षम भनेर मूल्याङ्कन गर्ने समय पनि भइसकेको छैन । बरू यसको ठीक विपरीत विभिन्न अनुसन्धानले कर्मचारीमा जातीय र सांस्कृतिक विविधता हुँदा कार्य सम्पादन उच्च र प्रभावकारी भएको देखाएको पाइन्छ । हाम्रो जस्तो जातीय, भाषिक, सांस्कृतिक र क्षेत्रीय विविधता भएको र संघीय संरचनामा प्रवेश गरेको देशमा सामाजिक विविधताको प्रतिनिधित्व हुने गरी आरक्षणबाट कर्मचारी छनौट हुनु देशकै लागि एउटा सुनौलो अवसर हो ।

आरक्षणले दलित, जनजाति, महिला, मधेसी समुदायका शिक्षित र टाठाबाठाले मात्र फाइदा लिन्छन् भन्ने कुरा सिद्धान्ततः सत्य होइन । किनभने जागिर प्राप्त गर्न, डाक्टर, इन्जिनियर, शिक्षक, सांसद–मन्त्री आदि इत्यादि हुन न्यूनतम योग्यता पूरा गरेको हुनुपर्छ । अन्य समुदायको तुलनामा ती समुदाय सामाजिकरूपमा पछाडि पारिएका छन्, जातीय, लैङ्गिक र क्षेत्रीयरूपमा उत्पीडित छन् । आरक्षणले मूलतः सोही उत्पीडित समूहको प्रतिनिधित्व गर्ने हो । ती पदमा शिक्षाबाट बञ्चित व्यक्ति पुग्नै सक्दैनन् । नीति निर्माण र कार्यान्वयन गर्ने तहमा प्रतिनिधित्व नभइ उनीहरूका सवालमा आवश्यक नीति बन्दैनन् । त्यसैले, स्वभाविकरूपमा ती ठाउँमा शिक्षित र सक्षम व्यक्ति नै पुग्ने हुन् । यसको अर्थ व्यक्तिको प्रतिनिधित्वले समग्र समुदायलाई फाइदा पुग्छ भन्ने हो ।

भुल्न नहुने कुरा के छ भने आरक्षणको कार्यान्वयन गर्दासबैभन्दा बहिस्करणमा पारिएका, उत्पीडित र सीमान्तकृत समुदायलाई पहिलो प्राथमिकता दिइनुपर्छ । ती अति सीमान्कृतलाई समूहलाई अरू सरह पुग्ने अवसर निर्माणका लागि उनीहरु लक्षित विशेष कार्यक्रम सञ्चालन गर्न सकिन्छ । छात्रवृत्ति तथा अतिरिक्त सहयोग उपलब्ध गराएर शैक्षिक विकासमा जोड

> **"आरक्षणबाट नियुक्ति पाएका व्यक्तिहरू अक्षम वा कमजोर हुन्छन् भन्ने भ्रम फैलने क्रमले पनि तीब्रता पाएको छ ।"**

cultural and regional diversity and has newly entered a federal structure, it is a 'golden opportunity' to select staff through reservation to represent the existing social diversity.

In theory, it is not true to claim that only the educated and clever among the Dalits, indigenous persons, women, and Madheshi community benefit from reservation. There is a threshold academic qualificationrequire for employment as a doctor, engineer, teacher, MPs or government minister. Reservation mainly represents the oppressed groups, which have been kept back socially on the basis of caste, ethnicity, gender and region relative to other communities. In this respect, no one lacking a formal education can reach these positions. And, unless they are represented at the policy-making level, their issues will never be addressed adequately. Therefore, it is only natural that educated persons will reach these positions, which should mean that their representation should help to ultimately benefit the entire community.

What cannot be overlooked is that the implementation of reservation should prioritize those communities that have been subject to the greatest levels of exclusion, oppression and marginalization. Programs - especially targeted at such highly-marginalized groups - may be implemented to create opportunities for them to achieve parity relative to others. Scholarships and additional support may be provided to highlight educational development. Therefore, to make reservation effective, programs should be introduced to target the most marginalized, which will ensure that those communities that require it the most actually receive it.

## Conclusion

The aim of reservation is move towards a more just society by ending oppression and providing compensation for the historical discrimination. Therefore, the Dalit community should be provided reservation in line with the Constitution and existing laws to compensate for the historical exclusion and discrimination faced. It is for this reason that the assertion that reservation should be provided on the basis of poverty – in contravention of existing constitutional and political provisions – is a falsehood. An empowered public opinion needs to be built to expose this argument, and to stand on the side of justice.

Reservation is not a problem, contrary to how its opponents would portray it. Reservation is not a conspiracy created to deprive any community of its share – rather it is an objective social policy aimed at providing social justice for all. To oppose reservation, or to conspire to remove it, is to mock the Constitution, its legal provisions, and the inclusive federal democratic republic system of governance. As reservation also plays a role in managing social conflicts, its





दिन सकिन्छ । त्यसैले आरक्षणको प्रभावकारी कार्यान्वयनका लागि अति सीमान्तकृत समुदाय लक्षित कार्यक्रम ल्याउनु पर्छ । यसले आरक्षणबाट वास्तवमै आवश्यक समुदायले आरक्षणको उपभोग गर्न पाउँछ ।

## निष्कर्ष

आरक्षणको मुख्य उदेश्य न्यायपूर्ण समाजको निर्माण हो । उत्पीडन तत्काल अन्त्य गर्दै उत्पीडित समुदायको बृहत्तर विकास, समानता र न्याय प्राप्तिका लागि आरक्षणका साथै ऐतिहासिक विभेदको क्षतिपूर्ति दिनु लोकतान्त्रिक र न्यायपूर्ण समाज निर्माणतर्फ अगाडि बढ्नु हो । त्यसैले नेपालमा ऐतिहासिकरूपमा भएको बहिष्करण र विभेदको क्षतिपूर्ति हुने गरी दलित समुदायलाई संविधान र कानुन बमोजिम आरक्षण दिइनुपर्छ । त्यसैले संवैधानिक र राजनीतिक व्यवस्थाविपरित गरिबीका आधारमा आरक्षण हुनुपर्छ भने बहस मूलतः आरक्षणविरोधी षड्यन्त्र हो । यस्तो षड्यन्त्रविरूद्ध न्याय र समानताको पक्षमा सशक्त जनमत निर्माण गरिनुपर्छ ।

विशेषगरी आरक्षण यसका विरोधीले बुझेको जस्तो समस्या होइन । आरक्षण कुनै समुदायको भाग खोस्न रचिएको षड्यन्त्र पनि होइन, बरू सबै समुदायलाई समान अवसर र न्याय प्रदान गर्न लागू गरिएको एउटा वैज्ञानिक सामाजिक नीति हो । आरक्षणको विरोध गर्नु वा हटाउने षड्यन्त्र गर्नु नेपालको संविधान, ऐन–कानुन र समावेशी संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाकै उपहास गर्नु हो । आरक्षणले सामाजिक द्वन्द्व व्यवस्थापनमा समेत भूमिका खेल्ने भएका कारण यसको प्रभावकारी कार्यान्वयन आजको आवश्यकता हो । तसर्थ, सामाजिक न्यायको संघर्षबाट प्राप्त आरक्षण र समावेशीकरणलाई प्रभावकारी बनाउँदै लैजानु राज्यको दायित्व हो ।

## सन्दर्भ सूची


- सुनाम, रमेश । वि.सं. २०७४ । समावेशीताको बहस । ललितपुर : समता फाउण्डेशन ।
- आहुती । वि.सं. २०७७ । जात वार्ता । काठमाडौ : बेला पब्लिकेशन ।
- http://annapurnapost.com/news/179217
- http://annapurnapost.com/news/179951
- https://www.business-standard.com/article/opinion/should-there-be-job-reservations-in-pvt-sector-104061601005_1.html

effective implementation is important. Therefore, it is the state's duty to more effectively implement the provisions for reservation and inclusivity which were gained through a struggle for social justice.

## References



- Sunam, Ramesh. 2017. Samaweshita ko Bahas. Lalitpur: Samata Foundation.
- Aahuti. 2020. Jaat Baartaa. Kathmandu: Bela Publication.
- http://annapurnapost.com/news/179217
- http://annapurnapost.com/news/179951
- https://www.business-standard.com/article/opinion/should-there-be-job-reservations-inpvt-sector-104061601005_1.html

# लेखकहरु



## राजेन्द्र महर्जन

राजेन्द्र तीन दशकभन्दा लामो समय पत्रकारिताको अनुभव भएका लेखक हुनुहुन्छ । उहाँले मूल्याङ्कन र नवयुवा मासिक पत्रिकाको सम्पादकका रुपमा काम गर्नुभएको थियो भने समाज अध्ययन जर्नलको सम्पादक र नयाँ पत्रिका दैनिकको सह-सम्पादकको भूमिका पनि निर्वाह गरिसक्नु भएको छ। उहाँ अहिले मधेश अध्ययन जर्नलको सम्पादक हुनुहुन्छ भने कान्तिपुर राष्ट्रिय दैनिकको स्तम्भकार पनि हुनुहुन्छ ।



## इन्दु थारु

इन्दु सीमान्तकृत समुदायको अभियान र सामाजिक आन्दोलनका क्षेत्रमा क्रियाशीलअनुसन्धाता र लेखक हुनुहुन्छ । 'मुक्तिक डागर' र 'निलम्बित निबन्ध'जस्ता पुस्तकका लेखक उहाँका काम मूलत: थारु समुदायको पहिचान, भाषा, राजनीति र इतिहाससँग सम्बन्धित छन् ।



## भोला पासवान

मधेसी दलित सवालमा अनुसन्धान गरिरहेका भोलाका विभिन्न रचना पत्रपत्रिकामा प्रकाशित भएका छन् । नयाँ पत्रिका दैनिकको प्रदेश २ को समाचार संयोजक पासवान 'डोम समुदायको पहिचान: बदलिँदो जीवनशैली' पुस्तकका सह-लेखक हुनुहुन्छ ।



## बिनिता नेपाली

बिनिताले त्रिभुवन विश्वविद्यालय काठमाडौंबाट अन्तर्राष्ट्रिय सम्बन्ध र कुटनीति विषयमा स्नातकोत्तर तह उत्तीर्ण गर्नु भएको छ । नीति अनुसन्धान प्रतिष्ठानमा सहायक अनुसन्धाताको रुपमा कार्यरत उहाँ सामाजिक न्याय, राजनीति र सार्वजनिक नीतिमा केन्द्रित अनुसन्धानमा संलग्न हुनुहुन्छ ।

